सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ मंसिर २०८१, शुक्रबार (22 Nov 2024, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आफ्नै फैसला पुनः हेर्दै सर्वोच्च



नदीकिनारको क्षेत्र र तलब समायोजनसम्बन्धी दुई निवेदनमा दियो निस्सा

उपनिर्वाचनको मुखमा कारबाही फुकुवा गर्ने कांग्रेसको तयारी

(विस्तृत पृष्ठ ३)

निःशुल्क शिक्षामा पहुँच र गुणस्तरको प्रश्न



अग्रलेख

● रमेशप्रसाद गौतम

निःशुल्क भन्दैमा शिक्षामा सबैको पहुँच पुग्ने होइन, यसका लागि तिनको परिवारका सदस्यको आर्थिक सामर्थ्यमा समेत सुधार हुनु आवश्यक छ

(पृष्ठ ४)

पहिलो चौमासिकमा ८३ अर्ब कम राजस्व संकलन



पहिलो चौमासिकमा चार खर्ब ६ अर्ब ३७ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकामा तीन खर्ब २३ अर्ब संकलन

लक्ष्यभन्दा कम राजस्व उठे पनि गत वर्षसँगको तुलनात्मक विश्लेषण देखाउँदै राजस्व संकलनमा सुधार भएको प्रचारमा अर्थ मन्त्रालय

पाँच वर्षदेखि लक्ष्य भेट्टाउन मुस्किल

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

३५७ सहकारीमा दुई खर्ब ७५ अर्ब अपचलन

सात वर्ष बित्दा पनि सरकारले सहकारी ऐन कार्यान्वयन नगर्दा बचतकर्ताको रकम फिर्ता अनिश्चित

सहकारी व्यवस्थित गर्न खोज्दा दलहरू नै बाधक, सहकारी ऐनको विधेयक संसद्मा पुग्दा सांसदहरूले नै हालेका थिए ६९३ संशोधन प्रस्ताव

■ **सञ्चालक थुनेर मात्र फिर्ता हुँदैन बचतकर्ताको रकम**

टेकराज थामी/नयाँ पत्रिका

देशभर ३५७ सहकारीमा करिब १४ लाख बचतकर्ताको दुई खर्ब ७५ अर्ब जोखिममा छ। तर, सहकारी ऐन, २०७४ जारी भएको सात वर्षसम्म पनि सरकारले कार्यान्वयनमा चासो नदिँदा बचतकर्ताको रकम फिर्ता अनिश्चित बनेको छ।

सहकारी ऐनको दफा ८२ मा सहकारीको ऋण असुल गर्ने उद्देश्यले 'कर्जा असुली न्यायाधिकरण' र दफा १०१ मा सहकारीको बचत तथा ऋण सुरक्षा गर्ने उद्देश्यले 'सहकारी बचत तथा ऋण सुरक्षण कोष' गठन गर्ने व्यवस्था छ। न्यायाधिकरण उच्च अदालतसरहको निकाय हो भने कोष नेपाल राष्ट्र बैंकमा रहेका निक्षेप तथा कर्जा सुरक्षा कोषसरहको निकाय हो। तर, यी निकाय सञ्चालनका लागि आवश्यक नियमावली र कार्यविधि अहिलेसम्म पनि बन्न सकेका छैनन्।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा ०७० मा गठित सहकारी जाँचबुझ आयोगले न्यायाधिकरण र कोष गठनका लागि सिफारिस गरेको थियो। सिफारिस गरिएका आयोग र कोष गठन भइदिएको भए सहकारीमा अहिलेजस्तो जर्जर अवस्था नआउने दाबी कार्कीको छ। 'ओरेन्टललगायतका सहकारीमा समस्या आएपछि मेरै संयोजकत्वमा सरकारले आयोग बनायो। आयोगले दिएको सुझावअनुसार नै सहकारी ऐनमा कर्जा असुली न्यायाधिकरण र सहकारी बचत तथा ऋण सुरक्षण कोष गठनको व्यवस्था गरियो। यी निकाय सञ्चालनका लागि नियमावली बनाउन आवश्यक छ। तर, सरकारले सात वर्षसम्म न नियमावली बनाउन सक्यो, न कुनै वैकल्पिक व्यवस्था नै ल्याउन सक्यो। ऐनमा गरिएको व्यवस्था कार्यान्वयन मात्रै भएको भए बचतकर्ताको रकम असुल गर्न सहज हुने थियो। अहिलेको समस्या आउने थिएन।

» पृष्ठ २ मा क्रमशः



देशभर ३१ हजार ३७३ सहकारी, अधिकांश सहकारी ऐनविपरीत सञ्चालित

● **सहकारी विभागका अनुसार मुलुकभर ३१ हजार ३७३ सहकारी छन्। जसमा ७४ लाख बचतकर्ता छन् भने २३ लाख ऋणी छन्। अधिकांश सहकारी ऐनअनुसार चलेका छैनन्। पछिल्लोपटक डुबेका सोहीमध्येका सहकारी हुन्। जसमध्ये पनि २२ सहकारीलाई सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त घोषणा गरेको छ। जसमा ३९ अर्ब ५२ करोड ४५ लाख २६ हजार ८१८ रुपैयाँ डुबेको छ। समस्याग्रस्त घोषणा नभएका, तर बचतकर्ताको रकम ठगी गरेर भाग्नेसमेत देशभर ३५७ सहकारी छन्। डुबेको रकम फिर्ता लिन उनीहरूले सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय महासंघ नै गठन गरेका छन्। महासंघका अनुसार ३५७ सहकारीले बचतकर्ताको दुई खर्ब ७५ अर्ब अपचलन गरेका छन्।**

● **सरकारले गठन गरेको सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले भने ४० सहकारीको ८७ अर्ब ८९ करोड अपचलन भएको निष्कर्ष निकालेको छ। २२ समस्याग्रस्त र सार्वजनिक रूपमा प्रश्न उठेका १८ गरी ४० सहकारीमा ७१ अर्ब ३० करोडको बचत रकमसहित ८७ अर्ब ८९ करोड दायित्व देखिन्छ। त्यसमध्ये कुनै पनि बचतकर्ताको रकम फिर्ता हुन सकेको छैन।**

के भन्छन् सरोकारवाला ?



● **गौरीबहादुर कार्की**, अध्यक्ष, सहकारी जाँचबुझ आयोग- २०७०

ओरेन्टललगायतका सहकारीमा समस्या आएपछि मेरै संयोजकत्वमा सरकारले आयोग बनायो। आयोगले दिएको सुझावअनुसार नै सहकारी ऐनमा कर्जा असुली न्यायाधिकरण र सहकारी बचत तथा ऋण सुरक्षण कोष गठनको व्यवस्था गरियो। यी निकाय सञ्चालनका लागि नियमावली बनाउन आवश्यक छ। तर, सरकारले सात वर्षसम्म न नियमावली बनाउन सक्यो, न कुनै वैकल्पिक व्यवस्था नै ल्याउन सक्यो। ऐनमा गरिएको व्यवस्था कार्यान्वयन मात्रै भएको भए बचतकर्ताको रकम असुल गर्न सहज हुने थियो। अहिलेको समस्या आउने थिएन।



● **परितोष पौडेल**, सहकारीविज्ञ

मुलुकको सैनिक, अर्थ र परराष्ट्र नीति संघले बनाउँछ, संघकै नियन्त्रणमा हुन्छ। सहकारी पनि अर्थकै एउटा खम्बा हो। त्यो हुँदा यसको नीति संघले नै बनाउनुपर्छ। सहकारीको ब्याज निर्धारण संघबाटै हुनुपर्छ। संविधानमा पनि यसलाई प्रस्टसँग उल्लेख गरिएको छ। तर, संविधानको यो व्यवस्थाविपरीत गतिविधि भए। सहकारीले आफूखुसी ब्याज निर्धारण र मनलाग्दी लगानी गर्न थाले। लगानी गरेको क्षेत्र धराशायी बनेपछि सहकारी क्षेत्रमै संकट आइलाग्यो।



● **कुशलभ केसी**, अध्यक्ष, सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय महासंघ

सरकारले केही सहकारीलाई मात्रै समस्याग्रस्त घोषणा गरेको छ। तर, महासंघमा ३५७ सहकारीका पीडित संगठित भएर आएका छन्। सबैको रकम एकमुस्ट गर्दा दुई खर्ब ७५ अर्ब रुपैयाँ अपचलन भएको देखिन्छ।

■ सञ्चालकले पारिवारिक सम्बन्ध बिग्रिएको नाटक गरेर सम्पत्ति जोगाए

बचतकर्ताको बचत मात्रै डुबेन, परिवार नै टुट्यो

कास्कीको पोखरा महानगरपालिका- १९ का ७२ वर्षीय खगेन्द्र काफ्लेले ०६३ मा ओरेन्टल को-अपरेटिभमा १५ लाख रुपैयाँ राखे। छोरी शीतलले पनि सोही सहकारीमा अर्को १५ लाख थपिन्। श्रीमती सावित्रीसँग रहेको १० लाख पनि ओरेन्टल सहकारीमै राखे। प्रत्येक महिना १८ प्रतिशत ब्याज दिने भनेपछि उनीहरूले घरमा भएभरको रकम सहकारीमै राखे पनि हालसम्म ब्याज त के साँवासमेत फिर्ता पाउन सकेका छैनन्। हाल सावित्रीको भने मृत्यु भइसकेको छ।

पीडित काफ्लेले भने, 'म विद्युत् प्राधिकरणमा जागिरे थिएँ। सेवानिवृत्त हुँदा केही रकम मसँग थियो। लगेर ओरेन्टलमा राखेँ। छोरी र श्रीमतीको साथमा रहेको पैसा पनि त्यहीँ लगेर राखियो। आज १७ वर्ष भइसक्यो, तर ओरेन्टलबाट ब्याज त परको कुरा साँवा नै पाउन सकेको छैन। यसबिचमा धेरै संघर्ष गरेँ। अड्डा अदालत धाएँ। तर, न्याय मिलेन।'

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार ओरेन्टलले काफ्लेसहित चार हजार २५९ बचतकर्ताको तीन अर्ब १९ करोड ५० लाख २२ हजार आठ सय २२ रुपैयाँ ठगी गरेको छ। विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा गठित सहकारी जाँचबुझ आयोगले भने ओरेन्टलले ६ हजार ८९४ पीडितको ६ अर्ब ८६ करोड रुपैयाँ ठगी गरेको तथ्यांक सार्वजनिक गरेको थियो।

ओरेन्टल ०६८ मा डुब्यो। अध्यक्ष सुधीर बस्नेत पत्राउ परे। बचतकर्ता एकजुट भएर सहकारी विभागमा पुगे। ओरेन्टलको नाममा रहेको जग्गा रोक्का गर्न निवेदन दिए। सहकारी विभागले ललितपुरको छम्पीमा रहेको सात सय र भक्तपुरको गुन्डुमा रहेको दुई सय रोपनी जग्गा रोक्का गर्न मालपोत कार्यालयलाई पत्र लेख्यो। पत्रपछि जग्गा रोक्का भयो भनेर बचतकर्ता ढुक्कले बसे। तर, मालपोतले जग्गा रोक्का गरेन। बरु, सुधीरले सहकारीका बचतकर्ताको रकम अपचलन गरेर जोडेको अथाह सम्पत्ति जोगाउन योजनाबद्ध रूपमा श्रीमती नितुसँग 'कागजी सम्बन्धविच्छेद' गरे। सम्पत्तिको व्यवस्थापन गरे, केही वर्षपछि जेलबाट पनि छुटे। 'कागजी सम्बन्धविच्छेद' गरेकै श्रीमती नितुसँगै बस्न थाले। बचतकर्ताको रकम भने कहिल्यै फिर्ता गरेनन्।

आमपीडितको तर्फबाट मुद्दा लडिरहेका काफ्लेले भने, 'ओरेन्टलले सात हजारभन्दा धेरै सर्वसाधारणको सात अर्ब रुपैयाँभन्दा धेरै रकम

» पृष्ठ २ मा क्रमशः

शुल्क विवरण सार्वजनिक गर्न अस्पतालहरूलाई स्वास्थ्य मन्त्रालयको परिपत्र



● **प्रदीप पौडेल** स्वास्थ्यमन्त्री

स्वास्थ्य सेवालाई पारदर्शी बनाउन प्रयास गरेका हौं

नयाँ पत्रिका

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी तथा सरकारी अस्पतालहरूलाई परिपत्र गरेको छ। तोकिएभन्दा बढी शुल्क लिएको गुनासो सुनिन थालेपछि स्वास्थ्य मन्त्रालयले सबैले थाहा पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन परिपत्र गरेको हो।

अस्पतालका सेवाबारे सेवाग्राही अनभिज्ञ हुने र उपचारमा समस्या भइरहेको जनगुनासो आउन थालेपछि सेवा शुल्क सार्वजनिक गर्ने निर्णय भएको मन्त्रालयले जनाएको हो। जनगुनासो बढ्दै गएपछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न परिपत्र गरेको हो। मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले

» पृष्ठ २ मा क्रमशः

■ पहिलोपटक नेपालको 'कन्ट्री रेटिङ'

दक्षिण एसियामा भारतपछिको दोस्रो स्तरमा



डा. रामप्रसाद घिमिरे
सचिव, अर्थ मन्त्रालय

हामीले बिबी माइनस ग्रेड विद् स्टेबल आउटलुक प्राप्त गरेका छौं। यसले भविष्यमा सुधार गर्न सकिने ठाउँ रहेको अवस्थालाई देखाउँछ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालले सार्वभौम साख मूल्यांकन (कन्ट्री रेटिङ)मा बिबी माइनस ग्रेड प्राप्त गरेको छ। अन्तर्राष्ट्रिय रेटिङ एजेन्सी फिच रेटिङ्सले बिहीबार यस्तो रेटिङ प्रतिवेदन सार्वजनिक गरेको हो। यो ग्रेड स्थिर परिदृश्यसहितको भएको फिचको विश्लेषण छ।

फिचका अनुसार बिबी रेटिङले कर्जाको जोखिम बढ्ने सम्भावनालाई देखाउँछ, यद्यपि यसले वित्तीय दायित्व पूरा गर्न सक्ने सामर्थ्य रहेको अवस्थालाई पनि जनाउँछ। माइनस (नेगेटिभ) आउटलुकले भविष्यमा क्रेडिट रेटिङ खस्किन सक्ने सम्भावनालाई इंगित गर्छ।

» पृष्ठ २ मा क्रमशः



■ के हो फिच रेटिङ्स ?

फिच रेटिङ्स अमेरिकामा अवस्थित अन्तर्राष्ट्रिय रेटिङ्स एजेन्सी हो। ठुला तीन रेटिङ एजेन्सीमा फिचबाहेक मुडिज र स्ट्यान्डर्ड एन्ड पोर्स छन्। सन् १९१३ मा सामान्य प्रकाशनगृहको रूपमा स्थापना भएको यो रेटिङ एजेन्सीको इतिहास एक सय वर्षभन्दा पुरानो छ। फिचले यसअघि ११९ सार्वभौम मुलुकको सार्वभौम साख मूल्यांकन सम्पन्न गरिसकेको छ। अफगानिस्तान, जिबुटी, सिरिया, टोंगा, भुटान, म्यानमार, वानुआतु, लाइबेरिया, इरान, मालावी, यमन, दक्षिण कोरिया र मौरेसिनियालेे हालसम्म सार्वभौम साख मूल्यांकन गरेका छैनन्। फिचपछि नेपाललेे मुडिजसँग पनि रेटिङ गराउने तयारी गरिरहेको अर्थ मन्त्रालयका अधिकारीहरूले जनाएका छन्।

स्तरोन्नतिपछि पनि सहुलियतपूर्ण ऋण लिन सक्ने सामर्थ्य

गत आर्थिक वर्षमा संघीय सरकारले संकलन गरेको राजस्वको आठ प्रतिशतबराबर रकम ब्याज भुक्तानीमा खर्च भएको थियो। ४० प्रतिशतभन्दा बढी सरकारी ऋण विदेशी र सहुलियतपूर्ण छ, जसको औसत भाका १३ वर्षको छ भने औसत ब्याजदर एक प्रतिशत छ। आन्तरिक ऋणको भाका करिब तीन वर्ष औसत र ब्याजदर न्यून छ। कम नीतिगत दर र उच्च मात्रामा भित्रिएको रेमिट्यान्सका कारण बैंक तथा वित्तीय संस्थामा अधिक तरलता रहेको फिचले जनाएको छ। यसले सन् २०२६ सम्ममा नेपाललेे विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि पनि सहुलियतपूर्ण ऋण प्राप्त गर्न सक्ने अवस्था देखाएको फिचले प्रतिवेदनमा उल्लेख गरेको छ।

धरहरा, दमक भ्यु टावर, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रदेखि गोदावरी सभाहलसम्म निजी क्षेत्रलाई जिम्मा दिइने


धरहरा


दमक भ्यु टावर


अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (काठमाडौं)


बुटवल अन्तर्राष्ट्रिय सभाहल र अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र (रुपन्देही)


सनराइज सभाहल (गोदावरी)

काठमाडौं महानगरका प्रमुख बालेन्द्र साह (बालेन)ले धरहरा सञ्चालन र व्यवस्थापनको जिम्मा महानगरलाई दिन आग्रह गरे पनि संघीय सरकारले यसलाई अस्वीकार गरेको छ

शान्ति तामाङ/नयाँ पत्रिका

सरकारले विशिष्ट संरचनाहरूको सञ्चालन र व्यवस्थापन निजी क्षेत्रलाई दिने गरी विकास समिति (गठन) आदेश जारी गरेको छ। यसअन्तर्गत गठन हुने समितिले आफूमातहत आएका अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (नयाँ बानेश्वर), सनराइज सभाहल (गोदावरी), बुटवल अन्तर्राष्ट्रिय सभाहल (बुटवल), बुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र (बुटवल) धरहरा (सुन्धारा), दमक भ्यु टावर (दमक व्यापारिक कम्प्लेक्स) दमकलाई टेन्डरमार्फत चलाउने जिम्मा निजी क्षेत्रलाई दिनेछ।

सहरी विकास मन्त्रालयले जारी गरेको विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ अनुसार ती संरचना उक्त समितिलाई सञ्चालन र व्यवस्थापनको जिम्मा हुनेछ। यो गठन आदेश जारी भएसँगै अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति (गठन)

» पृष्ठ २ मा क्रमशः

समितिमातहत विशिष्ट संरचना सञ्चालन र व्यवस्थापनको काम हुन्छ

● **मणिराम गेलाल**, सचिव, सहरी विकास मन्त्रालय



विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ जारी भएको छ। यसअनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिलाई नै विशिष्ट संरचना हेर्ने जिम्मा हुन्छ। सञ्चालनसम्बन्धी सबै निर्णय समितिले लिन्छ। समितिले टेन्डरमार्फत निजी कम्पनीलाई ती संरचना व्यवस्थापन तथा सञ्चालनका लागि जिम्मा दिइन्छ।

■ समितिमा को-को रहनेछन् ?

विशिष्ट संरचना सञ्चालन र व्यवस्थापन गर्ने समितिमा सहरी विकास मन्त्रालयका सचिव अध्यक्ष रहनेछन्। अर्थ मन्त्रालयका सहसचिव, गृह मन्त्रालयका सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव, आवास, भवन तथा योजना महाशाखाका सहसचिव, सहरी विकास तथा भवन निर्माण विभाग महानिर्देशक सदस्य रहने व्यवस्था गरिएको छ। त्यसैगरी, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र होटेल संघ नेपालको अध्यक्ष सदस्य रहनेसमेत व्यवस्था छ। कार्यकारी निर्देशक सदस्यसचिव रहने व्यवस्था गरिएको छ। समितिको आफ्नो छुट्टै कोष हुनेछ। उक्त कोषमा सरकारबाट प्राप्त रकम, अन्तर्राष्ट्रिय संघसंस्था वा विदेशी सरकारबाट ऋण वा अनुदानबापत प्राप्त रकम, सेवा शुल्कबापत संकलित रकम, अन्य कुनै स्रोतबाट प्राप्त रकम पनि कोषमा हुने व्यवस्था गरिएको छ।

बाल अदालत गठन गर्न सिफारिस

भक्तपुर मुकाम रहने, काठमाडौंका साथै भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला हेर्ने, अदालतका बाल इजलासबाट हेरिने र विचाराधीन मुद्दा नयाँ अदालतमा सर्ने



नयाँ पत्रिका

न्यायपरिषद्ले सरकारलाई बाल अदालत गठनका लागि सिफारिस गरेको छ। परिषद्को बिहीबार बसेको बैठकले भक्तपुर मुकाम रहने गरी अदालत गठनको सिफारिस गरेको हो। हाल जिल्ला अदालतहरूमै बाल इजलास गठन गरी मुद्दाहरूको सुनुवाइ तथा किनारा हुँदै आएको छ।

सरकारले गठनको निर्णय गरी राजपत्रमा प्रकाशित गरेपछि मात्र कामकारबाही सुरु हुनेछ। अदालतले काठमाडौंका साथै भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक गरी चार जिल्ला हेर्ने निर्णय भएको छ। गठनपछि यी अदालतका बाल इजलासबाट हेरिने र विचाराधीन मुद्दा पनि नयाँ अदालतमा सर्नेछन्।

अदालतको व्यवस्था यसअघिकै बालबालिकासम्बन्धी ऐनमै भए पनि तीन दशकभन्दा लामो समयदेखि उक्त व्यवस्था कार्यान्वयन भएको छैन। नयाँ ऐन आएकै ६ वर्ष नाघे पनि

» पृष्ठ २ मा क्रमशः

शुल्क विवरण...

पृष्ठ १ बाट क्रमशः

सहज रूपमा जानकारी पाउने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ। पत्रमा शल्यक्रिया शुल्क, सबै खालका शय्याको शुल्क विवरण, रेडियोलोजी सेवा तथा ल्याबको शुल्क विवरणसमेत खुलाउन भनिएको छ। यसैगरी, टिकटसहितका अरू सेवाको विवरणसमेत खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले निर्देश गरेको छ।

एक हप्ताभित्र शुल्क सार्वजनिक नगरेको पाइएमा कारबाही गरिनेसमेत मन्त्रालयले जनाएको छ। 'मन्त्रालयले परिपत्रपछि विवरण सार्वजनिक भए-नभएको अनुगमन गर्ने तयारी गरेको छ। पहिलो चरणमा अनुगमन गरिनेछ। बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियमानुसार कारबाही हुनेछ,' मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने।

स्वास्थ्य सेवालाई पारदर्शी बनाउन प्रयास गरेका हौं

● **प्रदीप पौडेल** स्वास्थ्यमन्त्री

आमनागरिकबाट अस्पतालको सेवा शुल्क महँगो भएको तथा देखिने गरी थाहा नपाएको गुनासो हामीले सुनेका छौं। यसको सम्बोधन हुने गरी वेबसाइट तथा सबैले देख्ने गरी सेवा शुल्क सार्वजनिक गर्नुहुन सबै संघीय अस्पताल तथा निजी मेडिकल कलेजलाई पत्राचार गरिएको छ। यस व्यवस्था लागू गरी स्वास्थ्य सेवालाई पारदर्शी बनाउने प्रयास गरेका छौं।

नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.

(नेपाल राष्ट्र बैंकबाट ग वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

कालो सूचीमा राख्ने बारे ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०८।०७)

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीहरुबाट कर्जा चुक्ता गर्न आउने ३५ दिने लगायत धितो लिलामीको सूचना पटक पटक प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न कुनै तत्परता नदेखाईएकोले यो सूचना प्रकाशित मितिले ३५(पैतीस) दिन भित्र आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, थप ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऋणी तथा जमानतकर्तालाई समेत कालोसूचीमा नाम सुचिकृतकालागि कर्जा सुरक्षण केन्द्रमा सिफारीस गर्नुका साथै प्रचलित ऐन कानून तथा यस संस्थासंग भएगरेको लिखत, धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असूल उपर गरीने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै, तपसिलमा रहेको धितोबाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ लगायत प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असूल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

कर्जावालाको नाम, थर र ठेगाना	कर्जा शिर्षक	सुरक्षणको विवरण	जमानतकर्ताको नाम, थर र ठेगाना
नामः तारा बहादुर राय ठेगानाः सिन्धुली जिल्ला, रानीचौरी-६ बाबुः क्षत्र बहादुर राय बाजेः नर बहादुर राय नागरिकता विवरणः (ना.प्र.प.नं.- १४६८/१०९५२, २०५५।०९।१९, सिन्धुली)	हायर पर्चेज कर्जा नं.- ००१०००००८०३४	बा. ३ च. ४८०३, प्रा.जिप	नामः मुक्ति नाथ गौतम ठेगानाः रामेछाप जिल्ला, लखनपुर-७ बाबुः फौद प्रसाद गौतम बाजेः मनोरथ गौतम नागरिकता विवरणः (ना.प्र.प.नं.-७५९१, २०४५।०१।१५, रामेछाप)
नामः कमला श्रेष्ठ ठेगानाः काठमाडौं जिल्ला, का.म.पा-४, धुमबाराही बाबुः गुञ्जमान लामा बाजेः जंग बहादुर लामा नागरिकता विवरणः (ना.प्र.प.नं.- २२०८७, २०५१।०३।१६, काठमाडौं)	हायर पर्चेज कर्जा नं.- ५६८४८३४	बा.अ.ज-३९८, टोयोटा कोराला	नामः मुक्तिनाथ गौतम ठेगानाः रामेछाप जिल्ला, लखनपुर-७ बाबुः फौद प्रसाद गौतम बाजेः मनोरथ गौतम नागरिकता विवरणः (ना.प्र.प.नं.- ७५९१, २०४५।०१।१५, रामेछाप)
नामः रविन्द्र भट्ट ठेगानाः महोत्तरी जिल्ला, जलेश्वर।५ बाबुः गोविन्द शर्मा भट्ट बाजेः शिव प्रसाद भट्ट नागरिकता विवरणः (ना.प्र.प.नं.- ३९२३४५५२, २०४८।०५।१८, महोत्तरी)	हायर पर्चेज कर्जा नं.- ५६२७०३४	बा.१ज ४०७८, मारुती ट्याक्सी	नामः तेज करण जैन ठेगानाः पर्सा जिल्ला, बिरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं बाबुः शागर मल जैन बाजेः भवर लाल जैन नागरिकता विवरणः (ना.प्र.प.नं.- १६०३१९७५, २०४६।०३।२८, पर्सा
नामः बुद्धी बहादुर सरु मगर ठेगानाः तनहुँ जिल्ला, साविक जामुको-६ बाबुः होम बहादुर सरु मगर बाजेः ओम बहादुर सरु मगर नागरिकता विवरणः (ना.प्र.प.नं.-७८७, २०३७।०२।२७, तनँहु)	हायर पर्चेज कर्जा नं.- ५६४७५३४	बा.२२ प २६३२, मोटरसाईकल	नामः भिमसेन कुमार श्रेष्ठ ठेगानाः धादिङ्ग जिल्ला, सुनौलो बजार-५ बाबुः लाल बहादुर श्रेष्ठ बाजेः खड्ग बहादुर श्रेष्ठ नागरिकता विवरणः (ना.प्र.प.नं.- ५७४०, २०५१।०५।०६, धादिङ्ग)
नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १३०१३/०५६/५७, मिति २०५७।०२।२३ रहेको काठमाडौं जिल्ला का.म.पा.३५ कोटेश्वर स्थित भैरव सेक्यूरिटि गार्ड सप्लाई सर्भिस प्रा.लि.का अख्तियार प्राप्त संचालक रोशन घिमिरे	हायर पर्चेज कर्जा नं.- १) ५००४३०० २) ५००४३०१	१) बा. १३ प ६५९९, मोटर साईकल २) बा.१३ प ६६०४, मोटर साईकल	नामः राजेश प्रसाद लामिछाने ठेगानाः काठमाडौं जिल्ला, साविक का.म.पा-३५, सिनामंगल बाबुः पुष्कर प्रसाद लामिछाने बाजेः नारायण प्रसाद लामिछाने नागरिकता विवरणः (ना.प्र.प.नं.-७२३८, २०५२।०९।१३, काठमाडौं)
नामः राम कुमार खड्का ठेगानाः रामोछाप जिल्ला, साविक गिलु।३ बाबुः रुद्र बहादुर खड्का बाजेः ललित बहादुर खड्का नागरिकता विवरणः (ना.प्र.प.नं.- ११८४४, २०४४।०२।०१, रामेछाप)	हायर पर्चेज कर्जा नं.- ५००५६७५	ज. १ क ११२, प्राईभेट ट्रक	नामः बसन्त बाबु खड्का ठेगानाः रामेछाप जिल्ला, गेले।३ बाबुः रुद्र बहादुर खड्का बाजेः ललित बहादुर खड्का नागरिकता विवरणः (ना.प्र.प.नं.-३०३०, स.सा.नं.-२५१७८, २०५६। ०७।१४)
नामः विनय कुमार माडवाडी ठेगानाः पर्सा जिल्ला, साविक विरगंज।१० बाबुः विश्वनाथ भगत बाजेः सिताराम भगत नागरिकता विवरणः (ना.प्र.प.नं.-१६०३२१९४६, २०४२।०८।०७, पर्सा)	हायर पर्चेज कर्जा नं.- ५६२५८३४	बा. ३ च १६१६, बा. ५ च ३०७, बा.३ च ८७४३, बा. २ च ८४१३	नामः तेज करण जैन ठेगानाः पर्सा जिल्ला, बिरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं बाबुः शागर मल जैन बाजेः भवर लाल जैन नागरिकता विवरणः (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः दुक्पा शेर्पा ठेगानाः रामेछाप जिल्ला, साविक ठोसे-१ बाबुः नुर्ब शेर्पा बाजेः संछेरे शेर्पा नागरिकता विवरणः (ना.प्र.प.नं.- ५४८३, २०४५।०१।३०, रामेछाप)	हायर पर्चेज कर्जा नं.- ५००५६५७	ना. २ ख २४२१, टाटा ट्रक	नामः हर्क बहादुर जिरेल ठेगानाः दोलखा जिल्ला, साविक जिरी-९ बाबुः ईर्त सिंह जिरेल बाजेः लसुक जिरेल नागरिकता विवरणः
नामः ओम प्रकाश विश्वकर्मा ठेगानाः सप्तरी जिल्ला, साविक गमरिया पवाघं-६ बाबुः राज नारायण विश्वकर्मा बाजेः बचन सुतिहार नागरिकता विवरणः (ना.प्र.प.नं.-११०८३७५५, २०३६।०६।२३, सप्तरी)	हायर पर्चेज कर्जा नं.- ५६७।७३४	बा. ३ च ३८६०, टाटा सुमो	नामः विनय कुमार माडवाडी ठेगानाः पर्सा जिल्ला, साविक विरगंज।१० बाबुः चेत राम भगत बाजेः विश्वनाथ भगत नागरिकता विवरणः (ना.प्र.प.नं.- १६०३२१९४६, २०५२।०८।०७, पर्सा)
नामः रमेश कुमार भण्डारी ठेगानाः काठमाडौं जिल्ला, साविक कलंकी-१२ बाबुः गणेश बहादुर भण्डारी बाजेः मानध्वज भण्डारी नागरिकता विवरणः (ना.प्र.प.नं.-२९१/०४३, २०४३।०४।१३, काठमाडौं)	हायर पर्चेज कर्जा नं.- ००१०००००९४३४	बा. ४ च ५६७१, मारुती भ्यान	नामः मन्जु जैन ठेगानाः पर्सा जिल्ला, साविक विरगंज न.पा.-१३ भई हाल काठमाडौं जिल्ला साविक का.म.न.पा. वडा नं. १२ त्रिपुरेश्वर, टेकुरोड। बाबुः हंस राज जैन बाजेः जस करण जैन/ पतीः तेज करण जैन नागरिकता विवरणः (ना.प्र.प.नं.-१९४८, २०५५।०६।२८, पर्सा)
नामः राम गोपाल गुरुङ्ग ठेगानाः ओखलढुङ्गा जिल्ला, साविक रुम्जाटार-९ बाबुः चन्द्र बहादुर गुरुङ्ग बाजेः मुगा धन गुरुङ्ग नागरिकता विवरणः (ना.प्र.प.नं.-११२६/३०७३, २०४४।०५।१७, ओखलढुङ्गा)	हायर पर्चेज कर्जा नं.- ५६८२६३४	बा. २ च ७६८८, मित्सुविसी पजेरो	नामः मुक्ति नाथ गौतम ठेगानाः रामेछाप जिल्ला, साविक लखनपुर।२ बाबुः फौद प्रसाद गौतम बाजेः मनरथ गौतम नागरिकता विवरणः (ना.प्र.प.नं.-७५९१, २०४५।०१।१५, रामेछाप)
नामः संदिप राज काफ्ले ठेगानाः काठमाडौं जिल्ला, सितापाईला।४ बाबुः सुबास काफ्ले बाजेः पुष्प शर्मा नागरिकता विवरणः (ना.प्र.प.नं.।११९१४, ..., काठमाडौं)	हायर पर्चेज कर्जा नं. ५६९२६३४	बा. ५ च २१९६, माज्दा कार	नामः तेज करण जैन ठेगानाः पर्सा जिल्ला, बिरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं बाबुः शागर मल जैन बाजेः भवर लाल जैन नागरिकता विवरणः (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः शम्भु कुमार बन ठेगानाः काठमाडौं जिल्ला, साविक का.म.न.पा.-९ बाबुः अम्बर बहादुर बन बाजेः फत्ते बहादुर बन नागरिकता विवरणः (ना.प्र.प.नं.-११३९/७०५१, २०४१।०१।०३, काठमाडौं)	हायर पर्चेज कर्जा नं.- ५००२३१५	बा. २ त्र २१२१, मित्सुविसी पजेरो	नामः सुरज प्रजापती ठेगानाः भक्तपुर जिल्ला, साविक मध्यपुर ठिमि-२, मिलरोड बाबुः पूर्ण प्रजापती बाजेः सिद्धी लाल प्रजापती नागरिकता विवरणः (ना.प्र.प.नं.-९२७५, २०४३।०३।२१, भक्तपुर)
नामः विनोद प्रसाद न्यौपाने ठेगानाः काठमाडौं जिल्ला, साविक तिनथाना-६ बाबुः केदार नाथ न्यौपाने बाजेः विश्वनाथ न्यौपाने नागरिकता विवरणः (ना.प्र.प.नं.-२९१४७, २०४८।०८।१८, नुवाकोट)	हायर पर्चेज कर्जा नं.- ००१०००००२५३४	बा. २ च ९८३८, पिकअप	नामः राज्य पाल थापा ठेगानाः काठमाडौं जिल्ला, साविक का.म.न.पा-२, तिनथाना बाबुः हर्क बहादुर थापा बाजेः नर बहादुर थापा नागरिकता विवरणः (ना.प्र.प.नं.-१८४, २०४६।०२।..., काठमाडौं)
नामः टिका राम गिरी ठेगानाः काठमाडौं जिल्ला, साविक दहचोक-२ बाबुः सुमन कुमार गिरी बाजेः चन्द्र बहादुर गिरी नागरिकता विवरणः (ना.प्र.प.नं.-१९६६८, २०५०।१२।२४, काठमाडौं)	हायर पर्चेज कर्जा नं.- ५७००५३४	बा.१ ख ९०४३, महिन्द्र निशान	नामः तेज करण जैन ठेगानाः पर्सा जिल्ला, बिरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं बाबुः शागर मल जैन बाजेः भवर लाल जैन नागरिकता विवरणः (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा
नामः घनश्याम श्रेष्ठ ठेगानाः तनँहु जिल्ला, साविक बन्दिपुर-४ घर भई काठमाडौं जिल्ला साविक का.म.न.पा-३५, सुविधानगर बाबुः चन्द्र कुमार श्रेष्ठ बाजेः हर्क मान श्रेष्ठ नागरिकता विवरणः (ना.प्र.प.नं.-२४७९, २०३३।०३।१६, तँनहु)	हायर पर्चेज कर्जा नं.- ५७०१४३४	बा.४ च ४४४७, हुण्डाई स्यान्ट्रो	

NSM Nepal Share Markets & Finance Ltd. नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.

नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.
रामशाहपथ, काठमाडौं ।
फोन नं. ०१-५३५२३३२, ५३५२३३२

३५७ सहकारीमा...

पृष्ठ १ बाट क्रमशः

सुरक्षण कोष गठनको व्यवस्था गरियो। यी निकाय सञ्चालनका लागि नियमावली बनाउन आवश्यक छ। तर, सरकारले सात वर्षसम्म न नियमावली बनाउन सक्यो, न कुनै वैकल्पिक व्यवस्था नै ल्याउन सक्यो,' उनले भने, 'ऐनमा गरिएको व्यवस्था कार्यान्वयन मात्रै भएको भए बचतकर्ताको रकम असुल गर्न सहज हुने थियो। अहिलेको समस्या आउने थिएन।'

संघीय राज्य संरचना कार्यान्वयनमा आएपछि सहकारीको नियमन कसिलो नहुँदा पनि अपचलन व्यापक भयो। नेपालको संविधान ०७२ को अनुसूची ५, ६, ७ र ८ मा सहकारीसम्बन्धी संघ, प्रदेश र स्थानीय तहको कार्य र अधिकार क्षेत्र निर्धारण गरिएको छ। अनुसूची ५ को बुँदा २८ मा सहकारीसम्बन्धी नियमन संघले गर्ने भनिएको छ। अर्थात् सहकारीको ब्याज निर्धारण, अनुगमन र कारबाहीसम्मको कार्यक्षेत्र संघभित्र पर्छ। प्रदेश र स्थानीय तहले भने सहकारीको स्तरीकरण र श्रीवृद्धिसँग सम्बन्धित काम मात्रै गर्न सक्ने व्यवस्था छ। तर, सहकारीहरूले संविधानविपरीत आफूखुसी ब्याज निर्धारण गर्दा पनि सरकारले अनुगमन र कारबाही गर्न सकेन।

बेलगाम बनेका सहकारीहरूले बचतकर्ताबाट जम्मा भएको रकम सिद्धान्त र मर्मविपरीत घर, जग्गा, सेयर, हाइड्रो, खानीलगायत क्षेत्रमा लगानी गरे। घर, जग्गा र सेयरको कारोबारमा व्यापक मन्दी आएपछि लगानी धमाधम डुब्न थाल्यो। बचत फस्ने त्रासले बचतकर्ता रकम फिर्ताका लागि लाइन लाग्न थाले। तर, सहकारीले फिर्ता दिन सकेनन्। सहकारीबाट ऋण लिएकाहरूले पनि ऋण तिर्न छाडे। यी परिस्थितिका कारण बचतकर्ताको रकम फिर्ता हुन गाह्रो भएको बताउँछन्, सहकारीविज्ञ परितोष पौडेल।

'मुलुकको सैनिक, अर्थ र परराष्ट्र नीति संघले बनाउँछ। संघकै नियन्त्रणमा हुन्छ। सहकारी पनि अर्थकै एउटा खम्बा हो। त्यो हुँदा यसको नीति संघले नै बनाउनुपर्छ। सहकारीको ब्याज निर्धारण संघबाटै हुनुपर्छ। संविधानमा पनि यसलाई प्रस्टसँग उल्लेख गरिएको छ। तर, संविधानको यो व्यवस्थाविपरीत गतिविधि भए। सहकारीले आफूखुसी ब्याज निर्धारण र मनलाग्दी लगानी गर्न थाले। लगानी गरेको क्षेत्र धराशायी बनेपछि सहकारी क्षेत्रमै संकट आइलाग्यो,' उनले भने।

सहकारी विभागका अनुसार मुलुकभर ३१ हजार ३७३ सहकारी छन्। जसमा ७४ लाख बचतकर्ता छन् भने २३ लाख ऋणी छन्। अधिकांश सहकारी ऐनअनुसार चलेका छैनन्। पछिल्लोपटक डुबेका सोहीमध्येका सहकारी हुन्। जसमध्ये पनि २२ सहकारीलाई सहकारी व्यवस्थापन समितिले समस्याग्रस्त घोषणा गरेको छ। जसमा ३९ अर्ब ५२ करोड ४५ लाख २६ हजार ८१८ रुपैयाँ डुबेको छ। समस्याग्रस्त घोषणा नभएका, तर बचतकर्ताको रकम ठगी गरेर भाग्नेसमेत गरी देशभर ३५७ पुगेको छ। डुबेको रकम फिर्ता लिन उनीहरूले सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय महासंघ नै गठन गरेका छन्। महासंघका अनुसार ३५७ सहकारीले बचतकर्ताको दुई खर्ब ७५ अर्ब अपचलन गरेका छन्।

महासंघका अध्यक्ष कुशलभ केसीले भने, 'सरकारले केही सहकारीलाई मात्रै समस्याग्रस्त घोषणा गरेको छ। तर, महासंघमा ३५७ सहकारीका पीडित संगठित भएर आएका छन्। सबैको रकम एकमुस्ट गर्दा दुई खर्ब ७५ अर्ब रुपैयाँ अपचलन भएको देखिन्छ।'

सरकारले गठन गरेको सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिले भने ४० सहकारीको ८७ अर्ब ८९ करोड अपचलन भएको निष्कर्ष निकालेको छ। २२ समस्याग्रस्त र सार्वजनिक रूपमा प्रश्न उठेका १८ गरी ४० सहकारीमा ७१ अर्ब ३० करोडको बचत रकमसहित ८७ अर्ब ८९ करोड दायित्व देखिन्छ। त्यसमध्ये कुनै पनि बचतकर्ताको रकम फिर्ता हुन सकेको छैन।

सहकारी व्यवस्थित गर्न खोज्दा दलहरू नै बाधक, सहकारी ऐनको विधेयक संसद्मा जाँदा ६९३ संशोधन प्रस्ताव आएको त्यो घटना

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की नेतृत्वको सहकारी जाँचबुझ आयोग, ०७० ले दिएका सुझाव समेटेर सहकारी ऐन, ०७४ को विधेयक तयार पारिएको थियो। विधेयकमा सहकारीको कार्यक्षेत्र सम्बन्धित स्थानीय तहको वडामा मात्रै सीमित गरिनुपर्ने उल्लेख थियो। त्यस्तै, ऋण प्रवाह सदस्यमा मात्रै सीमित गरिनुपर्ने, सदस्य बनेको वर्ष दिनपछि मात्रै ऋण लिन सकिने, सहकारीले सम्बन्धित वडाबाहेकका नागरिकलाई ऋण दिन नमिल्नेलगायतका बुँदा पनि विधेयकमा समेटिएका थिए। तर, विधेयक संसद्मा पेस भएपछि सहकारी सञ्चालकले शक्ति देखाए। सहकारी सञ्चालककै अनुकूल ऐन बनाउन विधेयकमा ६९३ संशोधन प्रस्ताव पेस भए।

सहकारी सञ्चालक इच्छाराज तामाङ नै त्यति वेला संसद् सदस्य थिए। उनी एमालेका सांसद थिए। विधेयक सम्बन्धमा अध्ययन गर्न तत्कालीन संसद्को अर्थ समितिले छानबिन नै गरेको थियो। समितिका सभापति थिए, पूर्वमन्त्री प्रकाश ज्वाला। ज्वाला एमालेकै सांसद थिए। उनको नेतृत्वमा प्रतिवेदन तयार पारेर २७ जेठ ०७४ मा सभामुखसमक्ष पेस गरिएको थियो। प्रतिवेदनमा उल्लेख थियो, 'सहकारी संस्थाको कार्यक्षेत्र देशभर विस्तार गर्न सकिने र संस्थाको सदस्यतामा पनि कार्यक्षेत्रमा बसोबास मात्र गरेको भए हुनेछ।'

त्यसबाहेक पनि विधेयकमा धेरै प्रावधान संशोधन गरिए। आयोगका अध्यक्ष तथा विधेयकको मस्यौदाकारमध्येका गौरीबहादुर कार्की सहकारीमा राजनीतिक दलका नेता-कार्यकर्ता नै संलग्न रहेको हुँदा विधेयकका महत्त्वपूर्ण प्रावधान हटाइएको बताउँछन्। उनले भने, 'सहकारी ऐन, ०७४ को विधेयक संसद्मा दर्ता भए पनि संशोधन प्रस्ताव पेस गर्ने दलकै नेता थिए, त्यसमध्ये कतिपय आफैं सहकारीका सञ्चालक थिए। उनीहरूले विधेयकका महत्त्वपूर्ण व्यवस्था जबर्जस्ती हटाए। सहकारीमा अहिले आएको जटिलताको जड नै त्यही हो भन्ने मलाई लाग्छ।'

सञ्चालक थुनेर मात्र फिर्ता हुँदैन बचतकर्ताको रकम

ओरेन्टल सहकारी डुबेको १३ वर्ष भयो। सहकारीका अध्यक्ष सुधीर बस्नेत जेल परे। तर, बचतकर्ताको रकम अझै फिर्ता हुन सकेको छैन। सिभिल सहकारीका अध्यक्ष इच्छाराज तामाङ पनि तीन वर्षदेखि जेलमा छन्। बचतकर्ताको रकम उनले पनि फिर्ता गरेका छैनन्। त्यसपछि पक्राउ परेका शिवशिखर बहुउद्देश्यीय सहकारीका सञ्चालक गीता शर्मा, पशुपति सेभिङ एन्ड क्रेडिट सहकारीको अध्यक्ष सिबी अर्थात् चन्द्रबहादुर लामा, कान्तिपुर सेभिङ एन्ड क्रेडिट सहकारीका अध्यक्ष हिमालयबिक्रम मल्ल ठकुरीलगायत पनि अहिले पुर्पक्षका लागि जेलमा छन्। तर, बचतकर्ताको रकम फिर्ता हुनेभन्दा पनि अझ अनिश्चित बन्न पुगेको छ। सहकारीविज्ञ परितोष पौडेल सहकारीका सञ्चालक थुनेर मात्रै बचतकर्ताको रकम फिर्ता नहुने बताउँछन्। उनी भन्छन्, 'सहकारीका केही सञ्चालक अहिले जेलमा छन्। तर, थुनेर मात्रै बचतकर्ताको रकम फिर्ता हुँदैन। कानुनी कारबाही त गर्नुपर्छ, तर त्यसअघि बचतकर्ताको रकम फिर्ता हुने ग्यारेन्टी गरिनुपर्छ। बचतकर्ताको पहिलो प्राथमिकता सञ्चालक थुन्ने होइन, रकम फिर्ता हो।'

बचतकर्ताको...

पृष्ठ १ बाट क्रमशः

डुबाइदियो। सबैसँग महँगो ब्याज दिन्छु भनेर रकम जम्मा गरेको रहेछ। तर, हालसम्म सावाँसमेत पाउन सकेका छैनौं। ओरेन्टलविरुद्ध लडाइँ लड्दालड्दै कतिपय पीडितको मृत्यु भइसकेको छ। उनीहरूले किरिया खर्चसमेत पाउन सकेनन्।'

सिभिल सहकारीमा लाखौंलाख बचत गरेकाहरूको मर्का पनि उस्तै छ। काठमाडौंको टोखानिवासी ६९ वर्षीय डिल्लीप्रसाद भट्टराईले जीवनभर कमाएको ३३ लाख सिभिलमा जम्मा गरे। १८ प्रतिशत ब्याज पाउने भनेपछि श्रीमतीसँग रहेको ५० लाख र दिदी ९२ वर्षीया प्रतिभा तिवारीको २५ लाख पनि सोही सहकारीमै राख्न लगाए। तर, सिभिलले उनीहरूलाई कबुल गरेको ब्याज त के सावाँसमेत फिर्ता गरेन। सिभिलका अध्यक्ष इच्छाराज तामाङसहितको टोली अहिले डिल्लिबजारस्थित कारागारमा आरामले बसेका छन्। भट्टराईजस्ता एक हजार ५०० पीडित डुबेको रकम फिर्ता लिन तीन वर्षदेखि कानुनी लडाइँमा छन्। जसमध्ये केहीको लडाइँकै क्रममा मृत्यु भइसकेको छ। डुबेको रकम उठ्ने ठेगान छैन।

सिभिलविरुद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा एक हजार ४८७ पीडितले पाँच अर्ब ५९ करोड ३३ लाख ११ हजार १३७ ठगी भएको भन्दै जाहेरी दिएका थिए। सिभिलको मुद्दा अहिले काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ। पीडितका अनुसार ठगीमा संलग्न पुर्पक्षका लागि कारागार चलान भएपता मुद्दा एकपटक पनि पेसीमा चढेको छैन। इच्छाराजले जेलमै बसेर मातहतको सम्पत्ति व्यवस्थापन गरिसकेका छन्। सहकारीको सम्पत्ति निजी बनाएपछि अहिले त सिभिल उल्टै ऋणमा छ। बचतकर्ताको रकम फिर्ता हुने क्रम झन् अनिश्चित बन्न पुगेको छ।

बचतकर्ताको रकम अपचलन गर्ने सञ्चालकले सम्पत्ति जोगाउन श्रीमतीसँग देखावटी रूपमा सम्बन्धविच्छेद गरे। तर, सहकारीमा बचत गर्नेहरूको भने लाखौं डुबेपछि घरवार सॉच्चिकै बिग्रिएको छ। यसैमध्येका एक हुन्, भक्तपुरको सूर्यविनायक नगरपालिका- ३ का ७० वर्षीय यमबहादुर विष्ट। उनले झापाको शिवसताक्षी नगरपालिका- ९ स्थित ३ बिघा जग्गा बेचेको ११ करोड २७ लाख ललितपुर कुमारीपाटीस्थित गुडविल सहकारीमा जम्मा गरेका थिए। तर, उनले त्यसरी जम्मा गरेको रकम १ रुपैयाँ पनि चलाउन नपाई सहकारीले डुबाइदियो। डुबेको रकम फिर्ता गर्न विष्टले सबै प्रयत्न गरे। तर, सफल हुन सकेनन्। रकम डुबेकै कारण अहिले श्रीमती साथमा छैनन्। छोराछोरी टाढा भएका छन्। दाजुभाइबिच बोलचाल छैन।

मानसिक रूपमा विक्षिप्त भइसकेका उनी मन बहलाउन कहिले सहकारीपीडितको आन्दोलनमा हिँड्छन् त कहिले शान्ति बाटिकास्थित बगैंचामा टहलिन आइपुग्छन्। गुडविलले विष्टसहित पाँच सयभन्दा धेरै सर्वसाधारणको एक अर्बभन्दा धेरै रकम ठगी गरेको छ। उनीहरूमध्ये केही आन्दोलनरत छन्। केहीको मृत्यु भइसकेको छ। गुडविलका अध्यक्ष दिवाकर श्रेष्ठ भने अहिले पुर्पक्षका लागि जेलमा छन्।

दक्षिण एसियामा...

पृष्ठ १ बाट क्रमशः

तर, फिचका अनुसार नेपालले स्थिर परिदृश्य (स्टेबल आउटलुक) सहितको ग्रेड प्राप्त गरेकाले हाल देशले प्राप्त गरेको रेटिङ केही समय स्थिर रहने अवस्थामा रहेको देखाउँछ। यो दक्षिण एसियामा भारतपछिको राम्रो ग्रेड हो। भारतको गत २९ अगस्टमा सार्वजनिक फिचको रेटिङ बिबिबी माइनस ग्रेड थियो। त्यस्तै, गत मेमा सार्वजनिक बंगलादेशको रेटिङ ग्रेड बिबी माइनसबाट खस्किएर बी प्लस पुगेको थियो।

अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले नेपालले अपेक्षा गरिएभन्दा राम्रो नतिजा प्राप्त गरेको बताए। उनले भने, 'हामीले बिबी माइनस ग्रेड विद् स्टेबल आउटलुक प्राप्त गरेका छौं। यसले भविष्यमा सुधार गर्न सकिने ठाउँ रहेको अवस्थालाई देखाउँछ।'

फिचले इन्भेस्टमेन्ट ग्रेड र स्पेक्युलेटिभ ग्रेड गरी रेटिङका ग्रेडहरूलाई दुई भागमा विभाजित गरेको छ। इन्भेस्टमेन्ट ग्रेडमा पर्ने रेटिङले कर्जाको जोखिम न्यून रहेको अवस्थालाई जनाउँछ भने स्पेक्युलेटिभ ग्रेडले कर्जाको उच्च जोखिम वा कर्जा नतिरेको अवस्थालाई देखाउँछ। इन्भेस्टमेन्ड ग्रेडअन्तर्गत एएए, एए, ए र बिबिबी ग्रेड छन्। कर्जाको जोखिम न्यून रहेको उच्चतम अवस्थालाई एएएले इंगित गर्छ। बिबिबीले इन्भेस्टमेन्ट ग्रेडको तल्लो सीमामा रहेको देखाउँछ। स्पेक्युलेटिभ ग्रेडअन्तर्गत बिबी, बी, सिसिसी, सिसी, सी, आरडी र डी पर्छन्। इन्भेस्टमेन्ट ग्रेडबाट खस्किएर एक स्थान तल रहेको अवस्थालाई बिबी ग्रेडले जनाउँछ। डी ग्रेडले कर्जाको उच्चतम जोखिमलाई जनाउँछ।

गत असार मसान्तसम्ममा संघीय सरकारको ऋणको आकार कुल गार्हस्थ उत्पादन (जिडिपी)को ४४ प्रतिशत नाघेको थियो। फिचले यो भावी वर्षहरूमा अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को सहायतामा सञ्चालित कार्यक्रम तथा आर्थिक वृद्धिले ५५ प्रतिशत पुग्ने अनुमान गरेको छ।

आकस्मिक गैरवित्तीय दायित्व सीमित देखिए पनि अनुगमन तथा सुपरिवेक्षण पर्याप्त नरहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'प्रदेशहरूले हालसम्म ऋण लिएका छैनन् र ऋणको ठुलो हिस्सा सरकारमार्फत सार्वजनिक संस्थानहरूले लिएका छन्। यस्तो ऋण कुल गार्हस्थ उत्पादनको १ प्रतिशत छ।'

सार्वभौम क्रेडिट रेटिङ सरकारकै प्रस्तावमा हुने गर्छ। सरकारले वैदेशिक लगानी बढाउने उद्देश्यले सार्वभौम क्रेडिट रेटिङ गर्ने घोषणा आर्थिक वर्ष ०७५/७६ को बजेटमार्फत नै गरेको थियो। यसका लागि सार्वजनिक सूचना जारी गरी अन्तर्राष्ट्रिय कम्पनीहरूलाई आमन्त्रण गरेकामा रेटिङसम्बन्धी विश्वका तीन प्रमुख कम्पनी फिच, मुडिज र स्ट्यान्डर्ड एन्ड पुअर्सले आवेदन दिएका थिए। यसमध्ये फिच छानिए पनि तत्कालै सुरु भएको कोभिडका कारण रेटिङ प्रक्रिया सुरु हुन सकेको थिएन। रेटिङका लागि त्यतिवेलै तत्कालीन बेलायत अन्तर्राष्ट्रिय सहयोग नियोग (डिएफआइडी) र हालको युकेे एडसँग प्राविधिक सहयोगसम्बन्धी छुट्टै सम्झौता पनि गरिएको थियो।

सो प्रक्रियाका लागि सरकारले स्ट्यान्डर्ड चार्टर्ड बैंकलाई रेटिङ सल्लाहकार तोकेको छ। कोभिड- १९ महामारीका कारण अर्थतन्त्रका सबै सूचक नकारात्मक रहेको र क्रेडि

उपनिर्वाचनको मुखमा कारबाही फुकुवा गर्ने कांग्रेसको तयारी

नयाँ पत्रिका

कांग्रेसले आगामी १६ मंसिरमा उपनिर्वाचन हुने क्षेत्रमा अनुशासनको कारबाहीमा परेका नेता-कार्यकर्ताको कारबाही फुकुवाको तयारी गरेको छ। कांग्रेसले ती क्षेत्रमा यसअघि निर्वाचनमा बागी उम्मेदवार, तिनका प्रस्तावक र समर्थकसहित अन्तर्घातमा कारबाहीमा परेकाहरूको कारबाही फिर्ताको तयारी थालेको हो।

कांग्रेसका एक पदाधिकारीले कारबाही फिर्ताको गृहकार्य भइरहेको जानकारी दिए। 'विगतमा पार्टीका आधिकारिक उम्मेदवार तथा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिने र पार्टीलाई असहयोग गरेर कारबाहीमा परेकाहरूको कारबाही फुकुवा गर्न लागिएको छ,' उनले भने, 'ती क्षेत्रको कारबाहीमा परेकाको विवरण तयार गर्ने क्रममा छौं। कारबाही सिफारिस भएकालाई पनि आत्मालोचना गरे कारबाही प्रक्रिया रोक्ने तयारी छ। केही दिनमै यसबारे निर्णय हुन्छ।'



● **मधु आचार्य**, प्रमुख, स्थानीय तह समन्वय विभाग, कांग्रेस

अनुशासन समिति सदस्य राजीव कोइरालाले विगतमा पनि निर्वाचनअघि कारबाही फुकुवा हुने गरेको बताए। यसपटक पनि कारबाही फुकुवाको सम्भावनातर्फ उनले संकेत गरे। समिति बैठक नबस्दा उपनिर्वाचनको सन्दर्भमा कुनै निर्णय नभएको उनको भनाइ छ। 'यसअघि चितवनको उपनिर्वाचनमा कारबाही फुकुवा गरेको हो। निर्वाचनअघि कारबाही फुकुवा गरेर पार्टीको पक्षमा माहोल बनाउने गरिएको हो। अनुशासन समितिको बैठक नभएकाले यसबारे छलफल भएको छैन। बैठक बस्नेबारे जानकारी आएको पनि छैन,' उनले भने।

अर्का अनुशासन समिति सदस्य ध्रुव वाग्लेले भने यस विषयमा आफू अनभिज्ञ रहेको बताए। कांग्रेसले उपनिर्वाचनलाई प्राथमिकतामा राख्दै रणनीति तय गर्न महामन्त्री विश्वप्रकाश शर्मा नेतृत्वमा उपनिर्वाचन केन्द्रीय संयोजन समिति गठन गरेको छ। अनुशासन समिति सचिव प्रेम केसीका अनुसार समितिमा देशभरबाट दुई हजार एक सय उजुरी आएका छन्। उनले समिति बैठक बस्नेबारे कुनै टुंगो नलागेको बताए। महामन्त्री शर्मा नेतृत्वको उपनिर्वाचन समन्वय समितिका सदस्य सचिवसमेत रहेका केसीले यस विषयमा अनौपचारिक रूपमा छलफल भने भइरहेको बताए। उनले कतिपय उजुरीका विषयमा पार्टी बैठकले निर्णय गर्न सक्ने बताए। 'अहिले अनुशासन समिति बैठक बसेर कारबाहीका सम्बन्धमा कुनै टुंगो लागेको छैन,' उनले भने, 'उपनिर्वाचन समन्वय समितिमा भने यसबारे अनौपचारिक छलफल भएको छ।'

कांग्रेस स्थानीय तह समन्वय विभाग प्रमुख मधु आचार्य पनि यसबारे समिति बैठकमा छलफल भएको बताउँछन्। साथै, पार्टीमा पनि परिवर्तित अवस्थामा कारबाहीका विषयमा उदार बन्नुपर्ने मत रहेको उनको भनाइ छ। 'विगतमा गठबन्धन गरेर निर्वाचनमा जाँदा पार्टीका आफ्ना उम्मेदवार र समर्थन गरेका उम्मेदवारलाई असहयोग गरेर बागी र विद्रोही उम्मेदवार बनेका र असहयोग गरेका कारण कारबाहीमा परेकाको विषयमा पार्टीले गठबन्धन नगर्ने नीतिसँगै यसमा पार्टी उदार बन्नुपर्छ भन्ने मत छ। निर्वाचन समितिमा पनि यसबारे छलफल भएको छ। अनुशासन समितिले यसबारे निर्णय गर्ला,' उनले भने।

आफ्नै फैसला पुनः हेर्दै सर्वोच्च

नदीकिनारको क्षेत्र र तलब समायोजनसम्बन्धी दुई निवेदनमा दियो निस्सा

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले यसअघि आफैंले गरेका दुई फैसला पुनः हेर्ने भएको छ। काठमाडौं उपत्यकाका नदीकिनारमा तोकिएको मापदण्डभन्दा थप २० मिटर जग्गा छाड्नुपर्ने र समान पद तथा हैसियतमा रहने सबै समूहका राष्ट्रसेवकको तलबमान बराबर गर्नुपर्ने फैसलामा पुनः सुनुवाइ गर्ने भएको हो।

नदीकिनारमा जग्गा खाली राख्नुपर्ने दायरा २० मिटरसम्म बढाउने फैसलाको पूर्णपाठ र समान पद तथा हैसियतमा रहने सबै समूहका राष्ट्रसेवकको तलबमान बराबर गर्नुपर्ने परमादेश जारी भएपछि सरकार पुनर्विचार गर्न भन्दै निवेदन लिएर सर्वोच्च गएको थियो। बिहीबार प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू कुमार चुडाल र नित्यानन्द पाण्डेयको इजलासले मुद्दा फेरि हेर्नुपर्ने आदेश दिएको छ। अब यी मुद्दाको पुनः सुनुवाइ हुनेछ।

न्यायाधीशहरू आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले गत ३ पुसमा नदीकिनारको मापदण्ड थपसम्बन्धी फैसला गरेको थियो। भदौमा त्यसको पूर्णपाठ आएको थियो। त्यसविरुद्ध गत भदौ अन्तिममा सरकारका तर्फबाट फणीन्द्र गौतमले निवेदन दर्ता गराएकामा पुनरावलोकनको निस्सा प्रदान गर्ने निर्णय भएको हो।

सर्वोच्चको संयुक्त इजलासले गरेको फैसलामा हाल कायम रहेको मापदण्डभन्दा थप २० मिटर परसम्म संरचना बनाउन नपाइने उल्लेख थियो। तर, सरकारले मुख्यगरी तीन कारण देखाउँदै उक्त फैसला पुनरावलोकन हुनुपर्ने माग गरेको थियो। आदेश कार्यान्वयनका लागि बजेट अभाव भएको र उक्त फैसला सर्वोच्चद्वारा नै प्रतिपादित सिद्धान्त तथा नजिरविपरीत भएको सरकारको दाबी थियो। साथै, हालको प्रचलित मापदण्डले कुनै पनि असर नगरेको विषय पुनरावलोकन निवेदनमा थियो। ०६५ मंसिरमा सरकारले गरेको निर्णयअनुसार नै नदीको क्षेत्र निर्धारण हुनुपर्ने माग सरकारको थियो।

देशको सात वर्षको विकास बजेट जत्रो धनराशि एउटै योजनाका लागि खर्च गर्न सम्भव नभएको र परिपालना गर्न असम्भव भए कानुनी दायित्वबाट छुटकारा पाइने कानुनी सिद्धान्त निवेदनमा थियो। साथै, खोलाकिनारमा के कति तटीय क्षेत्र छाड्ने भन्ने विषय नितान्त रूपमा कार्यपालिकाको रहेकाले पनि सर्वोच्चको फैसला प्रतिकूल रहेको दाबी निवेदनमा छ।

प्रधानन्यायाधीश नेतृत्वको सोही इजलासबाट तलबमान समायोजनको विषयमा पनि निस्सा दिने अनुमति भएको छ। सबै सरकारी कर्मचारीको तलबमान बराबर गर्ने गरी गत १० असारमा सर्वोच्चबाट फैसला भएको थियो। उक्त फैसलामा नेपाल सरकारका सहसचिव, उपसचिव र शाखा अधिकृतहरू मर्यादाक्रममा माथि रहे पनि सुरु तलब भने सेना तथा नेपाल प्रहरीका सोहीसरहका कर्मचारीभन्दा कम हुने गरेको स्विकारिएको थियो। साथै, यो समानताको सिद्धान्तविपरीत हुने फैसला न्यायाधीशहरू मनोजकुमार शर्मा र सुनीलकुमार पोखरेलले गरेका थिए।



सर्वोच्चको संयुक्त इजलासबाट भएको फैसलामा कर्मचारीहरूको मर्यादाक्रमअनुसारको आधारभूत तलबमान कायम नहुनु नेपालको संविधान, नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजहरूको प्रावधान र सर्वोच्च अदालतबाट प्रतिपादित कानुनी सिद्धान्तसमेतको विपरीत हुन जाने उल्लेख छ। यसैकारण कर्मचारीहरूको वैध अपेक्षा र मनोबललाई ध्यानमा राखी निजामती सेवाका राजपत्राङ्कित प्रथम, द्वितीय, तृतीय श्रेणीका कर्मचारीहरूको आधारभूत तलबमान समान मर्यादाक्रममा रहेका अन्य सरकारी सेवाका कर्मचारीसरह हुने गरी सुरु तलबमान समायोजन तथा निर्धारण गर्न आदेश दिएको थियो।

यसविरुद्ध ११ भदौमा पुनरावलोकन निवेदन दर्ता भएको थियो, जसमा सरकारले अदालत विशुद्ध नीतिगत विषयमा प्रवेश गरेको दाबी गरेको थियो। अदालत उक्त फैसलाबाट शक्तिको नियन्त्रण र सन्तुलनको सिद्धान्तमा प्रवेश गरेको दाबी सरकारको थियो।

कार्यकारी निकायको कार्यक्षेत्रभित्र पर्ने तलब निर्धारणको विषय विशुद्ध नीतिगत रहेकाले यसमा अदालत प्रवेश गर्नु मनासिब नहुने पुनरावलोकन निवेदनमा थियो। यस्तै, सर्वोच्चले दिएको परमादेशबाट राज्यलाई वार्षिक अर्बौंको राज्यभार पर्ने, तलब स्केल निर्धारण गर्दा सरकारी सेवामा रहेका सबैको गर्नुपर्ने र यसका लागि ९२ अर्ब ८४ करोड रुपैयाँ आवश्यक पर्ने भन्दै सरकार पुनरावलोकनमा गएको थियो। हाल झन्डै तीन लाख व्यक्ति सरकारी सेवामा छन्।

'बजेटले व्यवस्था नगरेको उल्लेख्य भार एक्कासि थप हुँदा राज्य नै वित्तीय रूपमा संकटमा पर्ने अवस्था सिर्जना हुनेतर्फसमेत सम्मानित अदालतले विचार गरिदिनुपर्ने व्योहोरासमेत निवेदन गर्दछु। यसका अतिरिक्त यति ठूलो मात्राको व्ययभार साधारण खर्चमा अविवृद्धि गर्दा विकास बजेट परिचालनमा ज्यादै ठूलो संकुचन आउने र अन्ततः मुलुकको राजस्व असुली तथा अर्थतन्त्रका समग्र पक्षमा नै गम्भीर नकारात्मक प्रभाव पर्ने तथ्यसमेत विचारणीय छ,' सरकारको निवेदनमा भनिएको थियो।

राष्ट्रिय परिचयपत्र नहुनेलाई राहदानी नरोक्न भएको आदेशविरुद्ध भ्याकेट दर्ता गर्दै सरकार

काठमाडौं/ राष्ट्रिय परिचयपत्र (एनआइडी) नहुनेलाई राहदानी नरोक्न सर्वोच्च अदालतले दिएको आदेशविरुद्ध सरकारले सर्वोच्चमा भ्याकेट निवेदन दर्ता गर्ने भएको छ। यसका लागि गृह मन्त्रालयले महान्यायाधिवक्ता कार्यालयलाई पत्राचार गरेको छ। सर्वोच्चका न्यायाधीशहरू हरिप्रसाद फुयाँल र सुनीलकुमार पोखरेलको इजलासले गत २ कात्तिकमा राष्ट्रिय परिचयपत्र नभएको आधारमा राहदानी नरोक्न अन्तरिम आदेश दिएको थियो। सो अन्तरिम आदेश कार्यान्वयन हुन सकेको छैन। सर्वोच्चको आदेशले ठुलो समस्या निम्त्याउने भन्दै खारेजीको माग गरी भ्याकेट निवेदन दर्ता गराउन लागिएको गृह मन्त्रालयले जनाएको छ। अन्तरिम आदेशले करिब सात अर्ब रुपैयाँ खर्च गरेर बनाइएको राष्ट्रिय परिचयपत्रको प्रणाली नै बेकामे हुने अवस्था आएकाले भ्याकेटमा जानुपरेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कटेलले बताए। हाल राहदानी बनाउन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको छ। सो प्रावधान राहदानी ऐन, २०७६ को प्रतिकूल रहेको भन्दै वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले रिट दायर गरेका थिए।



● **युवराज कटेल**, महानिर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

जसमा सर्वोच्चले अन्तरिम आदेश दिँदै भनेको थियो, 'राहदानी वितरण गर्दा राष्ट्रिय परिचयपत्रसम्बन्धी कार्यविधिअनुसार राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकोमा तत्काल विदेश भ्रमण गर्नुपर्ने आवश्यकता भएका नेपालीहरूको हकमा राहदानी विभागबाट नै तत्काल राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र सोसम्बन्धी कार्यविधिअनुसार राष्ट्रिय परिचयपत्रको प्रमाणपत्र वा अस्थायी नम्बर प्राप्त गर्ने-गराउने व्यवस्था गर्नू। राष्ट्रिय परिचयपत्र वा सोको अस्थायी नम्बर पेस गर्न नसकेमा भन्ने मात्र आधारमा राहदानी प्रदान नगर्ने-नगराउने कार्य नगर्नू भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९(२) क बमोजिम अन्तरिम आदेश जारी गरिएको छ।'

यसअघि सरकारले सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि त्यसलाई पनि सर्वोच्चले रोकेको थियो। सो अन्तरिम आदेशविरुद्ध एक साताअघि नै सरकारले अर्को भ्याकेट निवेदन दर्ता गराइसकेको छ। राष्ट्रिय परिचयपत्रको कार्यान्वयनविरुद्ध सर्वोच्चमा पाँच रिट दायर भएका छन्। यसबाहेक अन्तरिम आदेश कार्यान्वयन नभएको भन्दै अदालतको अपहेलनासम्बन्धी रिटसमेत दर्ता गरिएका छन्।

गृह मन्त्रालयका अधिकारी भने केही समय सर्वसाधारणलाई असजिलो भए पनि राष्ट्रिय परिचयपत्रको कार्यान्वयनले अपराध तथा किर्ते कामहरू रोकिने र यसले भविष्यमा सरकारी सेवा प्रवाहलाई पनि निकै सहज बनाउने बताउँछन्। हालसम्म एक करोड ६० लाख सर्वसाधारणले परिचयपत्र नम्बर लिइसकेका छन्। १ माघदेखि बैंकमा खाता खोल्न, घरजग्गा किनबेच गर्न र सिम लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सरकारको तयारी छ।

सेवाग्राहीसँग घुस मागेको आरोपमा महानगरपालिका कर्मचारी निलम्बित

काठमाडौं/ सेवाग्राहीसँग घुस मागेको आरोपमा काठमाडौं महानगरपालिकाका एक कर्मचारी निलम्बनमा परेका छन्। राष्ट्रिय सभागृहस्थित राष्ट्रिय परिचयपत्र इकाइमा कार्यरत अधिकृत आठौं तहका कर्मचारी अब्दुल मजिद खानलाई मेयर बालेन्द्र साहले निलम्बन गरेका हुन्। राष्ट्रिय परिचयपत्रको विवरण दर्ताका लागि उनले गत २९ कात्तिकमा दुई हजार रुपैयाँ घुस मागेको उजुरी मेयरको सचिवालयमा परेको थियो। सो घटनाको विषयमा छानबिन गर्न महानगरपालिकाका सल्लाहकारसमेत रहेका पूर्वसचिव शंकरप्रसाद पाण्डेको अध्यक्षतामा समिति गठन भएको महानगरपालिका प्रशासन विभाग प्रमुख ध्रुवप्रसाद काफ्लेले बताए। समितिमा सुदीप ढकाल र उमेश मेहता सदस्य छन्। समितिलाई एक महिनाको समय दिइएको छ। खान रुजु अधिकारीका रूपमा पञ्जीकरण इकाइमा खटिएका थिए। उपत्यकाबाहिरका जिल्लाको सेवाग्राहीको परिचयपत्र त्यहाँबाट नबन्ने, तर दर्ता अपरेटलाई दुई हजार रुपैयाँ दिए काम हुने भन्दै उनले पैसा मागेका थिए।

बाढीले बगाएको रोशी अस्पतालको अस्थायी संरचना बनाउने तयारी

काभ्रे/ असोज दोस्रो साता रोशी खोलामा आएको बाढीले बगाएको रोशी गाउँपालिका- १ स्थित १० शय्याको निर्माणाधीन अस्पताल भवनको अस्थायी संरचना बन्ने भएको छ। अस्पतालको पक्की भवन ०८१ जेठभित्र निर्माण सम्पन्न गर्ने गरी १३ चैत ०७७ मा सगुन धुलिखेल जेभीसँग सम्झौता भएको थियो। निर्माणमा केही ढिलाइ भएपछि आगामी पुस मसान्तसम्म म्याद थप गरी बाँकी काम भइरहेको थियो। स्वास्थ्य मन्त्रालयअन्तर्गत ६ करोड पाँच लाख २४ हजार लागतमा बनिरहेको अस्पताल हस्तान्तरणको अन्तिम चरणमा थियो। अस्पताल निर्माणमा पाँच करोड ६ लाख खर्च भइसकेको थियो। अस्पताल अहिले खहरेपाँगु प्रहरी चौकीनजिकै त्रिपालमा सञ्चालित छ। अस्पतालको अस्थायी संरचनामा विश्व स्वास्थ्य संगठनले निर्माण सहयोग गर्ने भएको छ। रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामा र विश्व स्वास्थ्य संगठनका प्रतिनिधिले अस्पतालको अस्थायी संरचना निर्माणस्थलको बिहीबार निरीक्षण गरेका छन्। स्वास्थ्य संगठनका प्रतिनिधि प्रह्लाद दाहालका अनुसार अब १२ शय्याको अस्थायी संरचना निर्माण हुनेछ।

भारतीय सेनाध्यक्ष नेपाली सेनाका मानार्थ महारथी

जंगी अड्डामा दुई सेनापतिबिच वार्ता

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थलसेनाध्यक्ष उपेन्द्र द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका छन्। बिहीबार शीतलनिवासमा आयोजित विशेष समारोहमा पौडेलले द्विवेदीलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न, खड्ग तथा प्रमाणपत्र प्रदान गरेका हुन्।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी ओली, रक्षामन्त्री मानवीर राई, मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, नेपाली सेनाका पूर्वप्रधानसेनापतिहरू, राष्ट्रपतिको कार्यालय, रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका सचिवहरू, नेपालका लागि भारतीय राजदूत र विभिन्न मुलुकका सैनिक सहचारी सहभागी थिए।

दुई सेनाबिच प्रधानसेनापतिहरू एक-अर्को सेनाको मानार्थ महारथी रहने परम्पराअनुसार नवनियुक्त भारतीय सेनाध्यक्ष द्विवेदीले नेपाली सेनाको मानार्थ दर्ज्यानी प्राप्त गरेका हुन्। द्विवेदी १६ असारमा भारतीय स्थलसेनाका सेनाध्यक्ष नियुक्त भएका थिए। उनीअघिका सेनाध्यक्ष मनोज पाण्डेसहित अधिकांश भारतीय सेनाध्यक्षले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न लगाइसकेका छन्। नेपालबाट पनि अधिकांश प्रधानसेनापतिले भारतीय सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्राप्त गरिसकेका छन्। प्रधानसेनापति सिग्देलले भारतीय सेनाको मानार्थ महारथीबाट सुशोभित हुन बाँकी छ।

'नेपाल-भारतबिचको अनुपम सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक र मित्रवत् सैनिक सम्बन्धको निरन्तरता स्वरूप दशकौंदेखि नेपाली सेनाका प्रधानसेनापतिलाई भारतीय सेनाको मानार्थ महारथी तथा भारतीय स्थल सेनाध्यक्षलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने विशिष्ट परम्परा रही आएको छ,' सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।



द्विवेदीले बिहीबार नेपाली समकक्षी अशोकराज सिग्देलसँग जंगी अड्डामा द्विपक्षीय औपचारिक वार्ता गरेका छन्। प्रधानसेनापति सिग्देलसँग जंगी अड्डामा भएको भेटवार्तामा दुई सेनाबिच आपसी हित, पारस्परिक सम्बन्ध र सहकार्यबारे छलफल भएको सैनिक प्रवक्ता सहायक रथी गौरवकुमार केसीले बताए। 'सो अवसरमा एकअर्का देशका सेनाध्यक्षलाई मानार्थ महारथी दर्जा प्रदान गर्ने परम्परालाई निरन्तरता दिने सम्बन्धमा समेत छलफल भयो,' प्रवक्ता केसीले भने, 'दुई सेनाको यो विशिष्ट परम्परा कायम राख्नुपर्छ भन्नेमा दुवै प्रधानसेनापतिज्यू सहमत हुनुभएको छ।'

भारतीय सेनाध्यक्ष भएका द्विवेदीको यो पहिलो विदेश भ्रमण हो। बुधबार काठमाडौं आएलगत्तै उनले पशुपतिनाथको दर्शन गरेका थिए। सेनाध्यक्ष द्विवेदीले शुक्रबार प्रधानमन्त्री केपी ओली र रक्षामन्त्री मानवीर राईसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ।

एमालेको जागरण आमसभा

काठमाडौं/ एमालेले शुक्रबार काठमाडौंमा जागरणसभा आयोजना गरेर शक्ति प्रदर्शन गर्दै छ। ०७९ को निर्वाचनपछि मिसन ग्रासरुट र झुलाघाट-चिवाभञ्ज्याङ अभियानमार्फत ठूलो जनपरिचालन गरेको एमालेले काठमाडौं उपत्यकाको शक्ति परिचालन गरेर जनसभा गर्न लागेको हो। दरबारमार्गमा हुने जागरणसभालाई प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली तथा महासचिव शंकर पोखरेलले सम्बोधन गर्नेछन्। भृकुटीमण्डपमा निर्धारण गरिएको प्रदर्शन जनसहभागिता बढ्ने मध्यनजर गरेर नारायणहिटीअगाडिको दरबारमार्ग प्रांगणमा सारिएको एमालेले जनाएको छ।

जागरणसभा तयारी समितिका संयोजक कैलाश ढुंगेलले सभाअघि छोटो जुलुस रुट तय गरिएको बताए। भद्रकाली, त्रिपुरेश्वर, आरएनएसी र वीर अस्पतालआसपास जुलुसलाई केन्द्रित गरेर मूल जुलुस भद्रकाली हुँदै रत्नपार्कबाट सिधै दरबारमार्ग पुग्ने गरी रुट तय गरिएको उनले जानकारी दिए। जसअनुसार भद्रकालीदेखि रत्नपार्कआसपाससम्म जुलुसले भर्ने गरी एमालेले योजना बनाएको छ।

काठमाडौंको तीनवटै जिल्ला, सम्पर्क समन्वय कमिटी, जनसंगठन र केन्द्रीय निकायलाई एमालेले संख्या नै तोकेर जनसहभागिता प्रदर्शित गर्न कडाइका साथ निर्देशन गरेको छ। काठभाडौंभित्रका वडा र टोल तहसम्मको शक्तिलाई एमालेले सभामा उतार्दै छ। दिउँसो चार घण्टाभित्र सम्पन्न गर्ने गरी तय गरिएको सभाको जनसहभागितालाई एकीकृत गर्न एमालेले कलाकारहरूको सांस्कृतिक प्रस्तुति पनि राखेर कार्यक्रम तालिका बनाएको छ।

एमाले उपमहासचिव **प्रदीप ज्ञवाली** भन्छन्-



देश बन्दैन भन्दै निराशा र अराजकता फैलाइएकाले लोकतन्त्र, स्थिरता र समृद्धिका पक्षमा जनता जागरुक गर्ने उद्देश्यसहित जागरणभा आयोजना गरिएको हो

देश बन्दैन भन्दै निराशा र अराजकता फैलाइएकाले लोकतन्त्र, स्थिरता र समृद्धिका पक्षमा जनता जागरुक गर्ने उद्देश्यसहित जागरणभा आयोजना गरिएको उपमहासचिव प्रदीप ज्ञवालीले बताएका छन्। एमालेले लोकतन्त्र, सामाजिक सद्भाव, राष्ट्रिय एकता र समृद्धिको पक्षमा ऐक्यबद्धताका लागि प्रदर्शन गर्न लागेको बताउँदै आएको छ।

"समृद्ध खाँदबारी नगर"

खाँदबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, संखुवासभा

कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०७

यस खाँदबारी नगरपालिकाद्वारा मिति २०८१/०६/१४ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको र स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	आयोजनाको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक (मू.अ.कर र पि.एस. बाहेक)	कैफियत
१	Construction of civil works of Tumlingtar Buspark (KMO/NCB/ WORKS/02/081/082)	श्री Seknepeden Builders Pvt Ltd, भोटखोला संखुवासभा	रु. २७,६४,८९५.७५ (अक्षेरुपी सत्ताईस लाख चौसट्ठी हजार आठ सय पन्चानब्बे रुपैया र पचहत्तर पैसा मात्र)	

प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मानसिक अस्पताल

लगनखेल, ललितपुर

अस्पतालको क्यान्टिन सञ्चालनको लागि सिलबन्दी दरभाउपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/०७

यस अस्पतालको क्यान्टिन सञ्चालनको लागि सिलबन्दी दरभाउपत्र दवारा खरिद गर्न मिति २०८१/७/२८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मको दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियकमावली २०६४ को दफा ८४ (३ख) बमोजिम तपशिलको दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	फर्मको नाम	ठेगाना	वार्षक कबोल भाडा रकम रु
१.	बिन्धवासिनी चमेना गृह	ल.पु.न.पा.-१९	७,९३,४४०/-

नि:शुल्क शिक्षामा पहुँच र गुणस्तरको प्रश्न

नि:शुल्क भन्दैमा शिक्षामा सबैको पहुँच पुग्ने होइन, यसका लागि तिनको परिवारका सदस्यको आर्थिक सामर्थ्यमा समेत सुधार हुनु आवश्यक छ



● रमेशप्रसाद गौतम

अग्रलेख

देश विकासको प्रमुख आधार गुणस्तरीय शिक्षा नै भएकाले मानव विकासको क्रमसँगै शिक्षाको अवधारणासम्बन्धी सोचमा पनि समयानुकूल परिवर्तन हुँदै आएको छ । जहिलेदेखि औपचारिक शिक्षाको प्रारम्भ भयो, तहिलेदेखि विषयगत पाठ्यक्रम र विषयगत पाठ्यपुस्तकको पनि सुरुवात भयो । यसरी औपचारिक शिक्षण विकाससँगै विषयगत पाठ्यक्रम र त्यसअनुसार शिक्षण सिकाइ क्रियाकलापको प्रयोग हुँदै आयो । यसमा समयको अन्तरालसँगै क्रमिक सुधार हुँदै आएको शिक्षा प्रणालीले विद्यार्थीलाई मानविकी, वाणिज्य, विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणितलगायत विभिन्न विषयसँग सम्बद्ध ज्ञान बाँड्दै आएको छ । यी विषयको उपयुक्त संयोजनबाट नै मानव विकासको उज्यालो बाटो देखिने हो । उदाहरणका लागि अमेरिका, बेलायत, जापान, अस्ट्रेलिया, सिंगापुर आदि देशलाई उपयुक्त शिक्षा प्रणालीका माध्यमबाट नै ती देशले दक्ष जनशक्तिको निर्माण गर्न सकेको तथ्यलाई यहाँनेर बिर्सिन मिल्दैन ।

हाम्रो देशको आजको शिक्षण प्रणालीले विद्यार्थीमा समाज र राष्ट्रलाई अग्रगति दिन आवश्यक पर्ने सिर्जनात्मक सीप, सहकार्यात्मक क्षमता, मानवतावादी सोच, परोपकारी भावनालगायत पक्षको विकासमा ठोस योगदान पुऱ्याउन नसकिरहेको अनुभूत हुन्छ । लगातारको उराठलाग्दो राजनीतिक संक्रमणले हाम्रो शिक्षा भनै ओरालो लाग्दै छ । सामान्यभन्दा सामान्य शैक्षिक विषयमा पनि राजनीतिक हस्तक्षेप भइरहेको देखिन्छ । शिक्षक नियुक्ति, बढुवा, सरुवा आदि विषयमा पनि हामीकहाँ चर्को राजनीति चल्छ । शैक्षिक संस्थाका प्रमुखको नियुक्तिमा पनि राजनीतिक दलको चर्को भागबन्डा चल्छ । त्यहाँ 'मेरिट'का आधारमा होइन, आफ्ना दलका आज्ञापालक अनुचरलाई नै प्राथमिकता दिइन्छ ।

शिक्षक छनोटमा अझै उपयुक्त परीक्षा, योजना प्रणालीको विकास भएकै देखिँदैन । केवल बढी अंक प्राप्त गरेका आधारमा योग्यताक्रम स्थापित गरिए पनि सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्ध नराख्ने विषयमा तिनको परीक्षा लिइन्छ । जसले गर्दा प्रतिस्पर्धामैत्री नीति अवलम्बन हुन सकिरहेको देखिन्न । यस किसिमको परीक्षा प्रणालीमा सुधार गरी उपयुक्त ढंगले प्रतिस्पर्धात्मक रूपमा शिक्षक छनोट विधिलाई निष्पक्ष ढंगले कार्यान्वयन गरिनुपर्छ । तर, यसतर्फ हाम्रो राजनीतिक तथा प्रशासनिक नेतृत्वले चासो दिएको देखिन्न ।

हालसम्मको प्रश्नपत्र हेर्दा त्यसबाट व्यावसायिक ढाँचाको उत्तर पाउने सम्भावना देखिँदैन । शैक्षिक ढाँचामा उत्तर लेख्ने वा अनुसन्धनात्मक शैलीमा उत्तर लेख्नेजस्ता विषयले कमै प्राथमिकता पाएको देखिन्छ । यस्ता कुरामा सुधारतर्फ भन्दा हाम्रो सरकार वा राजनीतिक नेतृत्व केवल दलीय स्वार्थमा लागिरहेका छन् । यसले गर्दा प्राज्ञिक क्षेत्र नै अज्ञानको गर्तमा भासिँदै जान थालेको अनुभूत हुन्छ । यसैको परिणामस्वरूप प्राज्ञिक क्षेत्र पनि अपत्यारिलो बन्दै गएको छ ।

शैक्षिक क्षेत्रको गुणस्तर ह्रास हुँदै जाँदा विश्व बजारमा खपत हुन सक्ने जनशक्ति उत्पादन सम्भव हुँदैन । तर, यसतर्फ कसैको पनि कतै चिन्ता देखिँदैन । विद्यार्थीले अध्ययन गरेर बिताएको अमूल्य समय खेर जाँदै छ । अध्ययन समाप्तिपश्चात् पनि शिक्षित बेरोजगार बन्नुपर्ने बाध्यता छ । यसले गर्दा एकातिर विद्यार्थीमा निराशा बढ्दै गएको देखिन्छ भने अर्कातिर विदेश पलायनको दर पनि अकासिँदै गएको छ । देशको शैक्षिक क्षेत्रको यस्तो अवस्था कसले गरायो ? हाम्रो शिक्षा गुणस्तरहीन कसरी भयो ? समयसापेक्ष र देशको आवश्यकतालाई सम्बोधन गर्न सक्ने जनशक्ति उत्पादनमा किन नेतृत्वको ध्यान जान सकेन ? उत्पादित जनशक्ति किन बेरोजगार बनिरहेका छन् ? किन युवा विद्यार्थीलाई विदेश पलायन हुन बाध्य पारिँदै छ ? यावत् प्रश्न उठिरहेका छन् । तर, तिनको जवाफ खोज्ने फुर्सद र जाँगर कसैमा देखिन्न । शिक्षा क्षेत्र राजनीतिक भर्तीकेन्द्र बन्नुहुँदैन भन्ने सोच नेतृत्व वर्गमा कहिल्यै देखिएन । असल शिक्षाविना चेतनाको स्तर माथि उठ्न सक्तैन । देशमा प्रतिभायुक्त नागरिक नअाइएसम्म देशको रूपान्तरण सम्भव छैन । तर, यस्तो सोच जिम्मेवार नेतृत्वमा कहिल्यै पलाएन, किन ?

आज देशका होनहार प्रतिभा निराश बन्दै आफ्नो देश छाडिरहेका छन् । देशमा बगाउनुपर्ने पसिना विदेशी भूमि सिँगार्न बगाउने सपना बोकेर झन्डै दैनिक दुई हजार



नेपाली युवा विदेश पलायन भइरहेका छन् । देशको रूपान्तरण गर्ने होनहार युवा जमात यसरी बिदेसिन थालेपछि हाम्रो देशलाई विकास र समृद्धिपथमा लम्काउने जनशक्ति कहाँबाट ल्याउने ? १२ कक्षा उत्तीर्ण हुनासाथ 'नो अब्जेक्सन लेटर' लिनेको ताँती शिक्षा मन्त्रालयमा देखिन्छ । यस्तो ताँती सबैले देख्छन्, तर तिनलाई यही देशमा आफ्नो भविष्य खोज्न उत्प्रेरित गर्ने नेतृत्व देशले पाउनै सकेन । जसले गर्दा आज हाम्रो देशको शिक्षा क्षेत्र तहसनहस हुँदै छ । आज स्वदेशका क्याम्पस तथा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीको लर्को विदेशितिर लागिरहेको छ । यहाँका क्याम्पस र विश्वविद्यालयका कक्षाकोठा रित्तिँदै गएका छन् । तैपनि, यहाँ कसैमा चिन्ता र चासो नदेखिनु विडम्बना हो । यतिखेर देशमा एकातिर गुणस्तरीय शिक्षाको अभाव छ । अर्कोतिर आफूले पाएको शैक्षिक योग्यताअनुसारको मर्यादित काम पाउनु स्यालको सिङ खोज्नुबराबर भएको छ । यहाँ उत्पादित गुणस्तरीय जनशक्तिले आफ्नो क्षमताअनुसार काम पाए को विदेश जाँदो हो र ? संविधानले शिक्षा र रोजगारीलाई मौलिक अधिकार भने पनि देशभित्रै रहेका जनशक्तिमध्ये झन्डै १३ प्रतिशत बेरोजगार छन् । यस्तो अवस्था हुँदा पनि

> विदेशमा रगत, पसिना बगाएर होनहार युवा जनशक्तिले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र थेगेकामा गर्व गर्ने र युवा जनशक्ति निर्यातका बाटाहरू खोज्ने नेतृत्व छउन्जेल न देशको शैक्षिक गुणस्तर उँभो लाग्छ, न शिक्षित जनशक्तिले देशभित्र उभिने ठाउँ नै पाउनेछ

हाम्रो सरकारले यसतर्फ चिन्ता लिएर चासो दिएको देखिँदैन । यहाँको बेरोजगारीका कारण विदेशमा रगत, पसिना बगाएर होनहार युवा जनशक्तिले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र थेगेकामा गर्व गर्ने र युवा जनशक्ति निर्यातका बाटा खोज्ने नेतृत्व छउन्जेल न देशको शैक्षिक गुणस्तर उँभो लाग्नेछ, न शिक्षित जनशक्तिले देशभित्र उभिने ठाउँ नै पाउनेछ । शिक्षाको माध्यमबाट उद्यमशील र रोजगारीका लागि कृषि, पर्यटन, जलस्रोत, ऊर्जा निर्माण व्यवसाय तथा परम्परागत उत्पादनमूलक उद्योगका साथै नयाँ-नयाँ सीप र व्यवसायको खोजी र पहिचान हुन जरुरी छ । केवल जनशक्ति निर्यात गरेर रेमिट्यान्स भित्र्याउने सोचले देशको विकास हुँदैन । मानव स्रोत-साधनको सदुपयोग गरी समुन्नत नेपाल निर्माणतर्फ लाग्न समुचित शिक्षा प्रणालीविना सम्भव छैन । सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकालाई पनि समान शिक्षाको पहुँचबाट टाढा पारिनुहुँदैन । प्रायः यस्ता समुदायका बालबालिकाले विद्यालय भर्ना भएर पनि विभिन्न समस्याका कारण बिचमै पढाइ छाड्ने गरेको देखिन्छ । सरकारले समावेशी शिक्षाको मर्मलाई अघि बढाउन शिक्षाको नीतिगत सुधारमै ठुलो हेरफेर गर्नुपर्ने हुन्छ । स्थानीय स्रोतबाट शिक्षामा थप लगानी गर्नुपर्ने हुन्छ । अझै स्थानीय सरकारले स्रोतको परिचालन राम्रोसँग गर्न सकिरहेका छैनन् । यसतर्फ राजनीतिक तथा प्रशासनिक नेतृत्वको ध्यान जानु जरुरी छ ।

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारका रूपमा व्याख्या गरे पनि व्यवहारमा भने देशभरका सबै बालबालिकाले विद्यालयमा गएर आफ्नो अध्ययनलाई निरन्तरता दिन सकिरहेको अवस्था छैनन् । कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये १२ कक्षासम्म पुगदा १०० मा ३० जना पनि कक्षाकोठामा बाँकी देखिँदैनन् । यसरी आफ्नो अध्ययनलाई टिकाइरहन नसक्ने बालबालिका अधिकांश विपन्न समुदायकै हुन्छन् । तिनका अभिभावकले कृषि मजदुरी, दैनिक ज्यालादारी आदि गरेर परिवार चलाइरहेका हुन्छन् । तिनका घरमा बिहान खाए बेलुका के खाने भन्ने चिन्ताले सताइरहेको हुन्छ । अनि यस्ता समूहका अभिभावकले आफ्ना केटाकेटीलाई विद्यालय पढाउने कार्यप्रति ध्यान नदिनु अनौठो होइन । तिनले आफ्ना बालबालिकालाई कहींकतै सानोतिनो काम पाए त्यसबाट पनि सानोतिनो आय आर्जन हुन सक्नेतर्फ ध्यान दिइरहेका हुन्छन् । यस्ता परिवार या समुदायका बालबालिकाका लागि सरकारले नै शिक्षामा लगानी बढाएर तिनको समस्यालाई सम्बोधन गर्न सक्नुपर्छ । त्यसैले, शिक्षामा समावेशी नीति बन्ने कार्यक्रम ल्याउनु जरुरी छ ।

हुन त शिक्षामा लगानी गरिएको अर्बौं रकम सदुपयोग नभएको गुनासो नै बढी सुनिन्छ । यस सम्बन्धमा विशेषगरी संघीय र स्थानीय सरकारले शिक्षामा यस्तो क्षति हुन नदिन विद्यालयको आन्तरिक व्यवस्थापनमा सुधार ल्याई विद्यालयको दक्षता प्रणाली मजबुत तुल्याउनुपर्छ । यसका लागि सरोकारवाला निकायले सार्वजनिक शिक्षा सबलीकरण अभियान चलाउनु जरुरी छ । यस क्रममा विद्यालयको वितीय सुधार नीति अपनाई दक्षता वृद्धि गर्नु नै आजको शिक्षाको चुनौती हो ।

हुन त सरकारले बालबालिकामा विद्यालयको पहुँच पुऱ्याउन र तिनको अध्ययनलाई टिकाउन विभिन्न छात्रवृत्ति कार्यक्रम नल्याएको होइन । यसमा १३ शीर्षकमा छात्रवृत्ति कार्यक्रम सञ्चालन भइरहेका छन् । सरकारले आव ०८०/८१ मा छात्रवृत्तिका लागि दुई अर्ब ३६ करोड बजेट विनियोजन गरेको पनि समाचारमा आएको छ । सार्वजनिक सरकारी तथ्यांकअनुसार पाँचदेखि १२ वर्ष उमेर समूहका करिब ९५.१ प्रतिशत बालबालिका विद्यालयको पहुँचमा पुगेका छन् । अझै पनि झन्डै पाँच प्रतिशत बालबालिका विद्यालयको पहुँचमा पुग्न सकिरहेका छैनन् । यसर्थ, नि:शुल्क भन्दैमा शिक्षामा सबैको पहुँच पुग्ने होइन, यसका लागि तिनका बाबुआमा अथवा परिवारका सदस्यको आर्थिक सामर्थ्यमा समेत सुधार हुनु आवश्यक छ । यस दिशातर्फ सरकारको ध्यान केन्द्रित हुनु जरुरी देखिन्छ ।

(गौतम शिक्षाविद् हुन्)

---

३ प्रश्न

प्रशासन सुधार आयोगका अध्यक्ष **काशीराज दाहाल**लाई



निजामती सेवामा १०७ दरबन्दी थप्ने सरकारको निर्णय कति उपयुक्त छ ?

हामीकहाँ मुलुकलाई कति दरबन्दी आवश्यक छ ? कहाँ र कस्तो जनशक्ति चाहिन्छ ? कति र कुन कुन विषयका इन्जिनियर आवश्यक छन् ? कुन कुन विशेषज्ञतासहितका चिकित्सकको खाँचो छ ? कति र कस्ता सीपयुक्त कर्मचारी आवश्यक छन् ? कहाँ कहाँ कुन कुन विषयका शिक्षक, प्राध्यापक आवश्यक छन् ? यसको विस्तृत र ठोस अध्ययन गरी प्रक्षेपण गर्ने प्रभावकारी व्यवस्था नै छैन । हामीकहाँ देशको आवश्यकता र जनशक्तिबीच तालमेल छैन । देशको ऋण साढे २५ खर्ब नाघेको अवस्थामा अनावश्यक दरबन्दी बढाउनुभन्दा पनि कटौती गरेर जानुपर्ने हो । यसतर्फ राजनीतिक नेतृत्वको ध्यान जान सकेको देखिएन ।

यसले निजामती प्रशासनमा कस्तो प्रभाव पार्ला ?

सामान्यतः कर्मचारीको आकार सानो र चुस्त हुनुपर्छ । त्यस्तो कर्मचारी संयन्त्र बहुसीपयुक्त हुनुपर्छ । उसलाई पर्याप्त सुविधा दिएर उत्प्रेरित गर्नुपर्छ । उसका लागि कामको निश्चित जिम्मेवारी तोक्नुपर्छ । उसले तोकिएको जिम्मेवारीअनुरूप परिणाम दिन सकेमा बढुवा गर्ने अन्यथा दण्डित गर्ने कडा व्यवस्था हुनुपर्छ । यस्तोमा कर्मचारीको आकार बढाउँदैमा यसको प्रभावकारिता बढ्ने होइन, उल्टो झन्झै भुत्ते हुन सक्छ ।

भएकै जनशक्तिको कार्यक्षतामा सुधार गरेर जान सकिन्थ्यो ?

किन नसकिनु ? समयसापेक्ष तालिम दिएर कर्मचारीलाई सीप सिकाएर तिनको क्षमता अभिवृद्धि गराउन सकिन्छ । त्यसका लागि त्यसैअनुरूप पाठ्यक्रम तयार गरी उपयुक्त 'रिसोर्स पर्सन' को व्यवस्था मिलाउन सक्नुपर्छ । तर, हामीसित भएका प्रविधि प्रयोगमा कमजोर पुराना जनशक्तिलाई बर्दलिँदो समयअनुसार अपडेट गरेर सीपयुक्त जनशक्तिमा बदल्न भने कठिन छ । भएका जनशक्तिलाई नै तिखारेर जान सकियो भने जनशक्ति थपिरहने आवश्यकता पर्दैन ।

प्रेरक प्रसंग

नास्पातीको बोट

एक राजाका तीन राजकुमार थिए । राजाले तीनै राजकुमारलाई असल गुरुबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाए । राजकुमारहरूले पनि बडो परिश्रमसाथ शिक्षा प्राप्त गरे । शिक्षा प्राप्त गरेर राजकुमारहरू दरबार फर्किएपछि राजाले तीनैलाई आफ्नो कार्यकक्षमा बोलाएर भने- तिमीहरू गहन शिक्षा प्राप्त गरेर फर्किएका छौ । म तिमीहरूलाई एउटा जिम्मेवारी दिँदै छु । हाम्रो राज्यमा एउटै पनि नास्पातीको बोट छैन । त्यसैले, तिमीहरू सबै चार-चार महिनाको अन्तरालमा छिमेकी देशतिर जाओ र नास्पातीको बोट कस्तो हुन्छ, त्यो पत्ता लगाएर आओ ।



आदेशअनुसार पहिलो राजकुमार नास्पातीको बोट खोज्न छिमेकी राज्यतिर हिँडे । उनले चार महिनाको अवधि लगाएर बडो यत्नपूर्वक नास्पातीको खोजी गरेर दरबार फर्किए । त्यसपछि माइलो राजकुमार निस्किए । उनले पनि चार महिनाको समयमा नास्पातीको बोटको सूक्ष्म निरीक्षण गरेर फर्किए । कान्छा राजकुमारले पनि चार महिना लगाएर नास्पातीको खोजी गरे । तीनै राजकुमार दरबार फर्किसकेपछि राजाले भने- अब तिमीहरू मलाई बताओ, नास्पातीको बोट कस्तो हुँदो रहेछ ? जेठा राजकुमारले भने- नास्पातीको बोट त पातविहीन रुखासुखा हुँदो रहेछ । माइलाले भने- नास्पातीको बोट त हराभरा पो हुन्छ नि ! त्यसमा फलचाहिँ लाग्दो रहेनछ । कान्छाले भने- हजुरहरूले गलत बोट हेर्नुभएछ । वास्तवमा नास्पातीको बोटमा निकै मिठा फल लाग्छन् । मैले त फल पनि ल्याएको छु । यी हेर्नुस् त ! उनले फल निकालेर देखाए । तर, बाँकी दुई राजकुमारले त्यो पत्याएनन् । उनीहरू आपसमा विवाद गर्न थाले । राजाले तीनैजनालाई रोकेर भने- तिमीहरू तीनैजनाले नास्पातीकै बोट देखेका हौ, तर फरक-फरक समयमा । मैले जानाजान तिमीहरूलाई फरक-फरक समयमा पठाएको थिएँ । यस्तै तिमीहरूले कुनै पनि विषयबारे सही जानकारी पाउन या कुनै मान्छेको वास्तविकता थाहा पाउन यसैगरी अल्प होइन, अध्ययन, अनुसन्धान र जाँचबुझ गर्न सक्नुपर्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

के गर्दै छन् सामाजिक संस्था ?

नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाको संख्या ठुलै छ । अहिले संघ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिले देश र जनताका हितमा काम गरिरहेका छन् । यस्तो अवस्थामा त्यस्ता गैरसरकारी संघसंस्थाले विकास र समृद्धिका लागि सेवा गरिरहँदा ७५३ पालिकामा समाज कल्याण परिषद्मा दर्ता हुनुपर्छ । त्यसरी दर्ता भएका संघसंस्थाले स्वीकृतिपछि मात्र सेवा प्रवाह गर्न पाइन्छ । यस्तो अवस्थामा नेपालमा हाल के-कति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले स्वीकृति लिएर काम गर्दै छन् ? कुन संस्थाले कहाँ, कसरी र कति जनसंख्यालाई के-कस्तो सेवा प्रवाह गरिरहेका छन् ? के सरकारसित यसको कुनै तथ्यांक छ ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

संख्या होइन, सक्षमता बढाऊ

सरकारले निजामती सेवामा दरबन्दी थप्ने तयारी गरिरहेको समाचार पढियो । अहिले नै पनि कतिपय कार्यालयमा कर्मचारीको कामै छैन । उनीहरू घाम तापेर, बदाम खाएर, सामाजिक सञ्जाल चलाएर दिन कटाइरहेका छन् । तिनलाई कामको चाप हुने कार्यालयमा पठाएर काम लिन सक्नुपर्छ । देशको साधारण खर्चसमेत राजस्वले धान्न नसकिरहेको समयमा कर्मचारीको दरबन्दी थप्नुभन्दा त तिनीहरूकै सक्षमता बढाएर बढीभन्दा बढी काम लिन सक्नुपर्ने होइन र ?

● **सुदीप्ता शाक्य**
अनामनगर, काठमाडौं

पीडितका टाउकामा लाठी ?

सरकारले आफ्नो बचत फिर्ता पाउनुपर्ने माग गर्दै आन्दोलन गरिरहेका सहकारीपीडितको टाउकामा लाठी बर्साएको तस्बिर र त्यसको तल प्रकाशित क्याप्सन हेर्दा बडो दु:ख लाग्यो । यहाँ सहकारीको रकम हिनामिना गर्ने अपराधी जुँगामा ताउ लगाउँदै खुलमखुला हिँडिरहेका छन् । उनीहरू आन्दोलनरत पीडितको उपहास गरिरहेका छन् । यस्तोमा सरकारले पीडकलाई समातेर कारबाही गर्नुको साटो उल्टै पीडितको टाउका फुटाएर रमिता देखाइरहेको छ । सरकारको यो के तमासा हो ?

● **गोविन्द महर्जन**
सानोठिमी, भक्तपुर

बोल्न नपाइने हो सरकार ?

हिजो पञ्चायतकालमा राजाका विषयमा बोल्न, लेख्न पाइँदैनथ्यो । अहिले गणतन्त्र आएपछि सरकारको विषयमा बोल्न, लेख्न पाइँदैन भने हिजो र आजमा फरकचाहिँ के भयो ? हिजो राजा महाराजाको जयजयकार गर्दै हिँड्नुपर्थ्यो, अहिले नेताको जयजयकार गर्दै हिँड्नुपर्छ । अनि, हिजो र आजमा फरकचाहिँ के भयो त ? हिजो राजा महाराजा 'सवारी' हुँदा घन्टौं जाममा बस्नुपर्थ्यो, अहिले नेता 'सवारी' हुँदा घन्टौं जाममा बस्नुपर्छ । हिजो र आज फरकचाहिँ के भयो त सरकार ?

हजारौंको बलिदानपछि ल्याएको गणतन्त्रमा नेताको मात्र हालीमुहाली चल्ने हो ? नेताले जे गर्दा पनि मौन समर्थन गर्नुपर्ने हो ? अनि नेताको समर्थन नगर्ने र उनीहरूका कमी-कमजोरी खोतल्नेजति जेल जानुपर्ने हो ? यो कस्तो नीति हो सरकार ? सरकारलाई खबरदारीसमेत गर्न नपाइने भएपछि यो सरकारलाई लोकतान्त्रिक कसरी भन्ने ?

मेडिकल व्यवसायी दुर्गा प्रसाईंले प्रधानमन्त्रीका कामविरुद्ध बोलेका थिए, उनलाई सिआइबीले गिरफ्तार गरेर मानहानिलगायत विभिन्न मुद्दा लगाउन खोज्दै छ । हो, प्रसाईंले सीमामा रहेर बोल्नुपर्थ्यो, त्यसमा दुईमत छैन । देशकै प्रधानमन्त्रीले अरूलाई व्यंग्य गरेर उखान टुक्का हालेर बोलेको विषयमा चाहिँ कारबाही हुँदैन ? हुन त देशको कार्यकारी अधिकार भएको प्रधानमन्त्रीलाई कसले कारबाही गर्ने ? सत्ता र शक्तिका आडमा चाहिँ जे बोल्दा पनि हुन्छ र सर्वसाधारणले चाहिँ बोल्नै पाइँदैन । सायद लोकतन्त्रको मूल्य-मान्यता नै यही पो रहेछ कि ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सत्तामा ट्रम्पको फिर्ती र जलवायुसम्बन्धी चासो

ट्रम्पको नीति जेसुकै भए पनि कोप प्रक्रिया नै अब प्रभावकारी छैन भन्ने स्पष्ट भइसकेको छ



देश / विदेश

● जायती घोष

अमेरिकी राष्ट्रपतीय निर्वाचनमा डोनाल्ड ट्रम्पको जितले बाकुमा भएको राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप २९) लाई ओझेलमा पारेको छ । जलवायु परिवर्तनलाई 'मिथ्या' भनेर खारेज गर्ने प्रवृत्तिका लागि चिनिएका ट्रम्पको सत्ताफिर्तीले जलवायु संकटलाई सम्बोधन गर्न हालै भएका प्रगतिमा महत्त्वपूर्ण खतरा तेर्स्याउन सक्छ । यो विकासले विश्वव्यापी नेता र नीति निर्मातालाई गम्भीर रूपमा चिन्तित बनाएको छ, किनभने ट्रम्पले घरेलु जीवाश्म इन्धन उत्पादन बढाउने कुरालाई प्राथमिकता दिने अपेक्षा गरिएको छ ।

मार-ए-लागोमा मेमा भएको बैठकमा उनले खुलेरै तेल र ग्यासका मालिकलाई चुनावी अभियान चन्दामा एक अर्ब डलर अनुरोध गरेको र ती मालिकले आफ्ना उद्योगको नाफालाई असर गर्ने नियम खारेजीको सर्त राखेको बताएका थिए । पर्यावरण संरक्षण एजेन्सीको प्रमुखका लागि ट्रम्पको छनोट रहेका पूर्वकंग्रेस सदस्य ली जेल्डिनले एजेन्सीलाई 'नियमनविहीन' बनाउने वाचा गरिसकेका छन् ।

आफ्नो पहिलो कार्यकालका दौरान ट्रम्पले सन् २०१५ को पेरिस जलवायु सम्झौताबाट अमेरिकालाई फिर्ता गराए र पछि राष्ट्रपति जो बाइडेनले फेरि सम्झौतामा जोडिने निर्णय लिएका थिए । ट्रम्पको दोस्रो कार्यकालमा पनि सम्झौताबाट फेरि फिर्ता हुने सम्भावना देखिन्छ । अर्जेन्टिनाका राष्ट्रपति एवं ट्रम्पका साझेदार जेभियर मिलाईले आफ्नो कोप २९ प्रतिनिधिमण्डललाई मुलुकमा फिर्ता बोलाए । यसले अर्जेन्टिनाको सम्भावित बहिर्गमनको संकेत गर्छ । बाइडेन, म्याक्रोँ, मोदी, स्कोल्ज र सी जिनपिङजस्ता नेताको अनुपस्थितिले कोप २९ को माहोल थप फिका बनेको छ । जलवायु संकटले गरिबलाई असमान प्रभाव पारेको र मध्यपूर्व एवं युक्रेन युद्धले ठुलो उत्सर्जन निम्त्याइरहेको अवस्थामा महत्त्वपूर्ण जलवायु पहलकदमीलाई लिएर निराशा बढ्दो छ ।

यद्यपि जलवायु परिवर्तनविरुद्धको लडाइँका निकास नभएको चाहिँ होइन । सफलता ट्रम्पको अवरोधप्रतिको विश्वव्यापी प्रतिक्रिया र अमेरिकी नेतृत्वविना विभिन्न राष्ट्र एकजुट हुन सक्छन् कि सक्दैनन् भन्नेमा निर्भर हुनेछ । उल्लेखनीय कुरा के छ भने अमेरिकामा जोसुकै राष्ट्रपति बने पनि यसले ऐतिहासिक रूपमा जलवायु पहललाई लिएर हिचकिचाहट प्रदर्शन गर्दै आइरहेको छ, किनभने अमेरिका जीवाश्म इन्धनको सबैभन्दा ठुलो उत्पादक र कुल निर्यातकर्ताका रूपमा परिचित छ । बाइडेन प्रशासनमा पनि अमेरिका हरित नीति जीवाश्म-इन्धन निकासी कम गर्नुको सट्टा नवीकरणीय ऊर्जा विस्तारमा केन्द्रित छ । पत्रकार नितिन सेठीका अनुसार अमेरिकाले आर्थिक लाभ सुनिश्चित गर्न 'जलवायु भाषा' प्रयोग गर्छ र त्यसैअनुसार आफ्नो जलवायु नीतिलाई आकार दिन्छ । अमेरिकाले जलवायु क्षतिपूर्तिसम्बन्धी छलफल अवरुद्ध गरेको छ र चीन, भारतजस्ता उदीयमान अर्थतन्त्रका काँधमा न्यूनीकरण र लगानीको बोझ सारेको छ र यसलाई स्वैच्छिक भन्दा पनि बाध्यकारी बनाउनमा जोड दिन्छ । अमेरिकाले हरित प्रविधि साझेदारी गर्नुको सट्टा बौद्धिक-सम्पत्तिसम्बन्धी कानुनलाई लागू गर्न प्राथमिकता दिएको छ र न्यूनीकरण, अनुकूलन र क्षतिका लागि आवश्यक क्षतिपूर्तिसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतामा अस्पष्ट एवं गैरबाध्यकारी भाषालाई प्राथमिकता दिएको छ ।

यो परिप्रेक्ष्यमा धेरै वार्ताकारले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय महासन्धि (युएनएफसिसिसी) मा अमेरिकाको सहभागितालाई बहुपक्षीय सहयोगप्रतिको वास्तविक प्रतिबद्धताभन्दा पनि स्वार्थप्रेरित भएको



तस्बिर : क्रिस्टियन मोन्टेरेसा/एफपी

ठान्छन् । यसबाहेक अमेरिकाले प्रायः द्विपक्षीय सम्झौताका पक्षमा राष्ट्रसंघीय प्रणालीलाई उपेक्षा गर्छ, जसले यसको आर्थिक र भूराजनीतिक प्राथमिकतालाई सहयोग गर्छ । विडम्बना के छ भने पेरिस सम्झौताबाट ट्रम्पको अपेक्षित फिर्तीले थप प्रभावकारी जलवायु वार्ताको ढोका खोल्न सक्छ । अमेरिका सम्झौतामा नजोडिँदा अन्य मुलुकले सहमतिमा पुग्न र बलियो उपाय लागू गर्न सहज महसुस गर्न सक्छन् । यस्तो अवस्थाले ट्रम्प प्रशासनलाई सम्झौतामै रहिरहन प्रोत्साहित गर्न सक्छ, किनभने उनले महत्वाकांक्षी लक्ष्यलाई कमजोर पार्न वा रोक्न मौका पाउन सक्छन् । ट्रम्पको नीति जेसुकै भए पनि कोप प्रक्रिया नै अब प्रभावकारी छैन भन्ने स्पष्ट भइसकेको छ । हालै युएनएफसिसिसीका कार्यकारी सचिव साइमन स्टिल र राष्ट्र संघका महासचिव एन्टोनियो गुटेर्रेसलाई मलगायत केही प्राज्ञले खुलापत्र पठाएका थिएँ । हामीले वर्तमान तौरतरिकाले सुरक्षित जलवायु भविष्यका लागि आवश्यक परिवर्तन हासिल गर्न सकिँदैन भनेका थियौं । हामीले भव्य वार्षिक शिखर सम्मेलनको सट्टा बारम्बार भइरहने समाधान-केन्द्रित साना बैठकका लागि आह्वान गरेका थियौं, किनभने भव्य वार्षिक शिखर सम्मेलनले प्रायः जीवाश्म-इन्धन लबीलाई व्यापार सम्झौता गर्ने मञ्च प्रदान गर्छ । उच्च र न्यून आय भएका मुलुकबिचको विश्वास सफल जलवायु पहलकदमीका लागि आवश्यक छ । सरकारहरूले निकट-अवधिका लक्ष्य हासिल गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ र धनी राष्ट्रले स्पष्ट, पारदर्शी जलवायु वित्तीय प्रतिबद्धता जनाउनुपर्छ । विकासोन्मुख मुलुकलाई ऋणको गर्तमा धकेल्ने गरी जलवायु वित्त ऋण नभई अनुदानको सुनिश्चितता हुनुपर्छ । न्यूनीकरण र अनुकूलनका लागि महत्त्वपूर्ण ज्ञान एवं प्रविधि साझा गर्नु पनि आवश्यक छ, जसका लागि हालका बौद्धिक सम्पत्ति नियम परिमार्जन वा परित्याग गर्न आवश्यक छ ।

यदि ट्रम्पको दोस्रो राष्ट्रपतीय कार्यकालले बहुपक्षीय व्यवस्थालाई अवरोध पुऱ्याउँछ भने पनि जलवायु परिवर्तनसँग जुध्न बृहत् अन्तर्राष्ट्रिय गठबन्धनका लागि ठुलो सम्भावना छ । चीन र अन्य मुलुकको नेतृत्वमा स्वच्छ ऊर्जा संक्रमण हुन्छ भन्ने मात्र नभई संक्रमण हुन थालिसकेको छ । यो परिवर्तन प्रस्ट हुँदै जाँदा उत्तम 'सम्झौता' सुरक्षित गर्नमा केन्द्रित अमेरिकी प्रशासनले पनि पछि पर्न हुन्न भन्ने महसुस गर्न सक्छ ।

(घोष मेसेचुसेट्स एम्हेरेस्टकी अर्थशास्त्रकी प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इजरायली प्रधानमन्त्री नेतन्याहुविरुद्ध पक्राउ पुर्जी जारी

एजेन्सी / इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुविरुद्ध पक्राउ पुर्जी जारी गरिएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले युद्ध र मानवताविरुद्धको अपराधको आरोपमा बिहीबार पक्राउ पुर्जी जारी गरेको हो।

आइसिसीले नेतन्याहुबाहेक पूर्वरक्षामन्त्री योभ गालान्ट र हमास समूहका नेता मोहम्मद डेफविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ। तर, इजरायलले डेफ गत अगस्टमा गाजामा भएको हवाई हमलामा मारिएको दाबी गरेको थियो। आइसिसीका न्यायाधीशहरूले इजरायल र हमासबिचको युद्धका क्रममा कथित युद्ध अपराध र मानवताविरुद्धको अपराधका लागि तीनजना व्यक्ति 'जिम्मेवारी' भएको बताएका छन्। इजरायल र हमास दुवैले अदालतको निर्णय अस्वीकार गरेका छन्।

अब यो पक्राउ पुर्जी लागू गर्ने वा नगर्ने निर्णय गर्ने आइसिसीका १२४ सदस्य राष्ट्रमा निर्भर हुनेछ। आइसिसीका अनुसार नेतन्याहु र गालान्टले गाजाका नागरिकलाई खाना, पानी, औषधि, चिकित्सा आपूर्ति, इन्धन र बिजुलीबाट वञ्चित गरेका छन्। जुन युद्ध अपराधको श्रेणीमा परेको अदालतको भनाइ छ।

इजरायली प्रधानमन्त्रीको कार्यालयले कथित युद्ध अपराधका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतले उनीविरुद्ध पक्राउ पुर्जी जारी गर्नुलाई यहुदीविरुद्धको पूर्वाग्रह भनेको छ। 'इजरायलले अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो विरुद्धमा लगाएको बेतुका र झुटा कार्य र आरोपलाई कडाइका साथ अस्वीकार गर्छ,' इजरायली प्रधानमन्त्रीको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

Government of Nepal (GoN)
Ministry of Home Affairs
Nepal Police Head Quarters
Crime Investigation Department
Naxal, Kathmandu

Invitation for Sealed Quotation

Date of publication: 22 November, 2024 (07/08/2081)

Nepal Police Headquarters Crime Investigation Department Naxal, Kathmandu, invites sealed Quotations form eligible bidders for the procurement of following items.

S.N	Contract ID No.	Name of Goods	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
1.	*NPHQ/CID/G/SQ/ 2081-082/01*	*Supply & Delivery of Branded Laptops*	*39,000.00*	*1,000.00*
2.	*NPHQ/CID/G/SQ/ 2081-082/02*	*Supply & Delivery of Refrigerator & Portable Cooling Box*	*40,000.00*	*1,000.00*

All eligible and interested bidders for more detail, bidders may visit and download the Sealed Quotation Documents from e-GP system http://www.bolpatra.gov.np/egp

---

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

आशय सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/०७

यस नगरपालिकाको वडा नं. १ स्थित गणेशमान सिंह पार्क निर्माणको लागि आवश्यक जग्गा सम्याई माटो तथा बालुवा बिक्रि गर्ने कार्यको लागि मिति २०८१ साल श्रावण २५ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रमध्ये तपसिल अनुसारको बोलपत्रदाताले कबोल गरेको कबोल अंक सबैभन्दा बढी भएकोले स्वीकृतीको प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	ठेक्का नं.	विवरण	बोलपत्रदाताको नाम	कबोल रकम रु. मा
१.	Kageshwori/Revenue/NCB/03/ 2081–82	वडा नं. १ स्थित गणेशमान सिंह पार्क निर्माणको लागि आवश्यक जग्गा सम्याई माटो तथा बालुवा बिक्रि गर्ने कार्य	श्री अमित बालुवा खानी उद्योग प्रा.लि., काठमाडौं	१,६७,३१,६९१.६६।- (अक्षरेपी एक करोड सत्सठ्ठी लाख एकतिस हजार छ सय एकानब्बे रुपैयाँ पैसा छैसठ्ठी मात्र)

प्रमुख प्रशासकीय अधिकृत

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस **Great Wall Electric Vehicle Pvt Ltd** कम्पनीले **China** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

S.N.	Product	Type	Brand	Model	Origin	Unit	Unit price	MRP
1	Electric tricycle with all parts and accessories in CKD condition	QH 1000	N/M	QH-FPT (GW-A4)	China	75	120000	120000

Great Wall Electric Vehicle pvt ltd
Address : Bharatpur-5, Phone : 9801000929, Vat no. : 606544526

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.


रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-९-० (बिगाह) को घरजग्गा।
२.	पर्सा जिल्ला, बीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल बीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा।
३.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (बिगाह) को घरजग्गा।
४.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल बिर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमश: ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा।
६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमश: ०-१५-२-०, २-८-०-० २०-१०-०-० (रोपनी) को जग्गा।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमश: ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा।
८.	पर्सा जिल्ला, बीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल बीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २९५, १९५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमश: ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा।
९.	काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी स्थित कित्ता नं. ४२ को क्षेत्रफल २५६.०० (व.मी) को घरजग्गा।
१०.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४२०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमश: ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५ र ७८७.३५ (व.मी) को जग्गा।
११.	काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. १७ स्थित कित्ता नं. १०९ को क्षेत्रफल ३९८.१० (व.मि) को घरजग्गा।
१२.	सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. ९ ग स्थित कित्ता नं. ४२० को क्षेत्रफल ०-०-१५-० (बिगाह) को जग्गा।
१३.	झापा जिल्ला, गारामनी गा.वि.स. वडा नं. ९ (हाल बिर्तामोड न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४८४, ४८५, ५१७, ३४५ र ३५७ को क्षेत्रफल क्रमश: ७८८.४३, १५२४.००, ३०६.५०, २४९२.०० र ३२७७.३७ (व.मि) को जग्गा।
१४.	झापा जिल्ला, पाराखोपी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ५८९, ५९३, २६३७ र २६३९ को क्षेत्रफल क्रमश: ०-०-४-०, ०-०-५-०, ०-०-१-० र ०-०-२-० (बिगाह) को जग्गा।




तपसिल नं. १ मा उल्लेखित सम्पति



तपसिल नं. २ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति




तपसिल नं. ३ मा उल्लेखित सम्पति


बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map




तपसिल नं. ४ मा उल्लेखित सम्पति



तपसिल नं. ५ मा उल्लेखित सम्पति



तपसिल नं. ६ मा उल्लेखित सम्पति



तपसिल नं. ७ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. ८ मा उल्लेखित सम्पति



तपसिल नं. ९ मा उल्लेखित सम्पति




तपसिल नं. १० मा उल्लेखित सम्पति




तपसिल नं. ११ मा उल्लेखित सम्पति


बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. १२ मा उल्लेखित सम्पति



तपसिल नं. १३ मा उल्लेखित सम्पति



तपसिल नं. १४ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सबन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
३. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन्।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८१ कार्तिक मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८१ कार्तिक मसान्त रकम (रु.)	२०८१ आश्विन मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	३,०६८,९७५,२७२	३,१९५,३७४,२६०
२	बैंक मुद्दती निक्षेप	१००,०००,०००	१६०,०००,०००
३	ऋणपत्र /बन्ड	१६३,९२६,४१८	१६३,९२६,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	३५०,२३९,०२२	३१५,२४०,०००
	जम्मा	**३,६८३,१४०,७१२**	**३,८३४,५४०,६७८**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	१,६८४,९२१,३१७	१,३९०,२१९,६३४
२	अन्य सम्पत्ति	३५,१६३,१३०	२२,११२,०५६
	जम्मा	**१,७२०,०८४,४४७**	**१,४१२,३३१,६५०**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	(८४३,४७९,२५१)	(६५३,५०९,२९२)
	जम्मा	**(८४३,४७५,२५१)**	**(६५३,५०५,२५२)**
	खुद सम्पत्ति (ग्रस)	**४,५५५,७४५,५०८**	**४,५५३,३६३,७७६**
१	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५,४३४,२१८	१६,७३७,३५५
२	कोष सुपरिवेक्षक शुल्क	४४९,७२८	१,३८५,१६०
	खुद सम्पत्ति	**४,५५३,८६१,५६२**	**४,५७५,२४०,५६१**
	जम्मा इकाई	३९९,८०६,९६८	३९९,४३३,४२४
	प्रति इकाई खुद मूल्य	**११.३५**	**११.४५**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८१ कार्तिक मसान्त रकम (रु.)	२०८१ आश्विन मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	१५८,८२४,६९८	१२८,९१२,६०४
२	प्राप्त भइ नसकेको आम्दानी	१४८,०११,१५१	१९६,८२६,४८०
	जम्मा आम्दानी	**३०६,८३५,८४५**	**३२५,७३५,०८४**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	३३४,४०४	२५७,३६९
२	योजना लेखापरीक्षण शुल्क	३८,०८०	२८,७९२
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२२,१७१,५७२	१६,७३७,३५५
४	कोष सुपरिवेक्षक शुल्क	१,८३४,८८९	१,३८५,१६०
	जम्मा खर्च	**२४,३७८,५४५**	**१८,४०८,६७६**
	कुल आय/(व्यय)	**२८२,४५६,५०४**	**३०७,३३०,४०८**

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
- योजनाको २०८१ कार्तिक मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.३,५३५,१२९,५६२ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	वाणिज्य बैंक समूह		
सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
१	प्रभु बैंक लिमिटेड	३०९,५५७	७५,९०३,३७६
२	कुमारी बैंक लिमिटेड	१८१,९२४	४१,६२४,२११
३	सिद्धार्थ बैंक लिमिटेड	१०९,८७१	३६,९१६,६५६
४	ग्लोबल आईएमई बैंक लिमिटेड	६६,०४७	१६,९४७,६६०
५	सानिमा बैंक लिमिटेड	१४५,२९३	४६,९००,५८०
६	नबिल बैंक लिमिटेड	६६,४३६	३७,३३७,०३२
७	प्राईम कमर्सियल बैंक लिमिटेड	३२८,६६०	९२,८७९,३१६
८	माछापुच्छे बैंक लिमिटेड	९४,२९२	२७,३४४,६८०
९	एनआईसी एसिया बैंक लिमिटेड	१२२,८५३	५४,६८१,८७०
१०	नेपाल बैंक लिमिटेड	१६६,८०३	४७,९५५,८६३
११	एन एम बि बैंक लिमिटेड	१५९,६३५	४१,५०५,१००
१२	एभरेष्ट बैंक लिमिटेड	१५७,६२२	९६,७७९,९०८
१३	हिमालयन बैंक लिमिटेड	१२,१६३	३,१८६,७०६
१४	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०४,२७१	७८,२०३,२५०
१५	लक्ष्मी सनराईज बैंक लिमिटेड	२००,९१६	५२,२३८,१६०
१६	कुमारी बैंक लिमिटेड (संस्थापक सेयर)	५०,०००	५,०००,०००
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	२५,९८५	१०,४९७,९४०
२	गरिमा विकास बैंक लिमिटेड	१७४,८१६	७९,९७८,३२०
३	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	१५५,९१९	७४,५२९,२८२
४	कामना सेवा विकास बैंक लिमिटेड	१६८,७३५	८१,३३०,२७०
५	लुम्बिनी विकास बैंक लिमिटेड	१६८,७१०	८५,५८६,५८३
६	साँझेला डेभलपमेन्ट बैंक लिमिटेड	१२४,३२०	५६,५४०,७३६
	फाइनान्स समूह		
१	आईसिएफसि फाइनान्स लिमिटेड	७,२४८	५,७९८,४००
२	मञ्जुश्री फाइनान्स लिमिटेड	३१,४७७	२५,५९७,०९६

	जलविद्युत समूह		
१	चिलिमे हाईड्रोपावर कम्पनी लिमिटेड	१७,११२	१०,१४७,४१६
२	सानिमा माई हाईड्रोपावर लिमिटेड	४५,४००	२५,४६९,४००
३	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,९८९	५,९१५,९३०
४	रसुवागढि हाईड्रोपावर कम्पनी लिमिटेड	२१,२७२	९,३८५,२०६
५	अरुण काबेली पावर लिमिटेड	१७,०३१	४,५९८,३७०
६	माउन्टेन इनर्जी नेपाल लिमिटेड	६४,३६३	४५,७०४,१६६
७	रुरु जलविद्युत परियोजना लिमिटेड	१३,४९०	१०,२२५,४२०
८	साहस उर्जा लिमिटेड	२१,४२७	११,७८४,८५०
९	राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड	५,२४२	२,५१०,९१८
१०	रिडि पावर कम्पनी लिमिटेड	५१,०२३	१२,७०४,७२७
११	सानिमा मिडल तमोर हाईड्रोपावर लिमिटेड	४६,९०९	२५,३७७,७६९
१२	यूनिभसल पावर कम्पनी लिमिटेड	४७,५४३	१३,५४९,७५५
१३	अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	१७,६५४	५,०८४,३५२
	जिवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	३९,०६१	४७,६५४,४२०
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	४३,२४२	२७,११२,७३४
३	एशियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	५५,०८८	४१,३१६,०००
४	सुर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	६३,५१६	३१,५६७,४५२
५	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	७०,३३५	३४,९५६,४९५
६	आइ एम इ लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६७,१६१	३३,८४९,१४४
७	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	६१,३२९	२८,०२७,३५३
८	रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५८,५८०	३१,०४७,४००
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	९४,६५०	८८,७८१,७००
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	३५,१८७	३५,९९९,८२०
३	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	३५,२४०	२४,०६८,१२०
४	राष्ट्रिय बिमा कम्पनी लिमिटेड	६२५	१०,६७७,५६३
५	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	६७,३१४	५९,९०९,३६०
६	आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	५८,८५५	३७,७३९,७८०
७	प्रभु इन्स्योरेन्स लिमिटेड	३७,०३५	३७,६२७,५६०
	लघुवित्त समूह		
१	फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,४८७	२,२३१,९८७
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१०३,०७७	१००,३९६,९९८
३	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	३५,०७७	३२,३४०,९९४
४	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	८९,२८५	८४,६४२,१८०
५	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	६४,०२९	४७,१८९,३७३
६	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	८९	३३७,७५५
७	फस्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	५४,२९९	४५,१७६,७६८
८	ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,४२४	१७,८८९,०४०
९	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२५,११६	१५,०६९,६००
१०	नेरुडे मिमिरे लघुवित्त वित्तीय संस्था लिमिटेड	६४,३१७	४९,२८६,११७
११	आर.एस.डि.सि. लघुवित्त वित्तीय संस्था लिमिटेड	४०,४१८	३१,२०६,७३८
१२	ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेड	५,९७७	८,०६२,९७३
१३	कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड	२३,५०१	२६,५५६,१३०
१४	नाडेप लघुवित्त वित्तिय संस्था लिमिटेड	६३,४६७	६४,६७२,८७३
१५	हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड	४७,२९६	४७,६२७,०७२
	होटेल तथा पर्यटन समूह		
१	चन्द्रागिरी हिल्स लिमिटेड	४,३९६	४,३०८,०८०
२	सोल्टि होटल लिमिटेड	३०,००७	१६,७७३,९१३
३	तारागाउँ रिजेन्सी होटल लिमिटेड	४१,१६७	४६,८८९,२१३
४	ओरियण्टल होटल लिमिटेड	४,७८१	४,६५७,६५०
	उत्पादन तथा प्रशोधन समूह		
१	शिवम् सिमेन्ट्स लिमिटेड	१०,८५७	६,६४१,२२७
२	बोटलर्स नेपाल (तराई) लिमिटेड	४३५	६,३७२,३१५
३	हिमालयन डिष्टिलरी लिमिटेड	३६,९९६	५०,३५१,५५६
४	सर्वोत्तम सिमेन्ट्स लिमिटेड	७,०६३	५,६००,९५९
	सामुहिक लगानी कोष समूह		
१	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	४८९,०००	४,८८५,११०
२	ग्लोबल आईएमई ब्यालेन्सड् फण्ड - १	२५०,०००	२,५८०,०००
३	एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २	४१०,५००	४,३३४,८८०
४	सानिमा ग्रोथ फण्ड	७५०,०००	७,३७२,५००
५	सनराइज फोकस्ड ईक्विटी फण्ड	१,५००,०००	१४,२५०,०००
६	प्रभु स्मार्ट फण्ड	९९२,६००	१०,२७३,४१०
७	आरबिबि म्युचुअल फण्ड - २	६३८,८००	६,२९८,५६८
८	सिद्धार्थ इनभेष्टमेन्ट ग्रोथ स्किम ३	३२५,०००	३,१६२,२५०
९	सिटिजन्स् सुपर ३० म्युचुअल फण्ड	८२१,०००	८,२१०,०००
१०	लक्ष्मी भ्यालु फण्ड २	७००,०००	६,५१०,०००
११	हिमालयन ८०-२०	१,२५४,९७५	१२,५८७,३९९
१२	एनआईसी एसिया ग्रोथ फण्ड - २	२,५००,०००	२३,५००,०००
१३	कुमारी सबल योजना	१,७५०,०००	१५,९०७,५००
	लगानी समूह		
१	नेपाल इफ्रास्ट्रक्चर बैंक लिमिटेड	४८,९६६	१३,६६१,५१४
२	नागरिक लगानी कोष	४७,८७१	१०५,६५१,२९७
३	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.	४७,५१४	१३,१६१,३७८
	**अ

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ७ मंसिर ०८१

पहिलो चौमासिकमा ८३ अर्ब कम राजस्व संकलन

लक्ष्यभन्दा कम राजस्व उठे पनि गत वर्षसँगको तुलनात्मक विश्लेषण देखाउँदै राजस्व संकलनमा सुधार भएको प्रचारमा अर्थ मन्त्रालय

पहिलो चौमासिकमा चार खर्ब ६ अर्ब ३७ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकामा तीन खर्ब २३ अर्ब संकलन



अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमासिक (साउनदेखि कात्तिकसम्म)मा लक्ष्यभन्दा ८३ अर्ब १३ करोड रुपैयाँ कम राजस्व संकलन भएको छ।

सरकारले यो अवधिमा चार खर्ब ६ अर्ब ३७ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो, तर तीन खर्ब २३ अर्ब रुपैयाँ संकलन भएको अर्थ मन्त्रालयले जनाएको छ। चालू आबको सुरुदेखि नै लक्ष्यअनुसार राजस्व संकलन हुन सकिरहेको छैन।

तर, अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत आव ०८०/८१ सँग तुलना गर्दै यो वर्ष १७ प्रतिशत बढी राजस्व उठेको तुलनात्मक विश्लेषण प्रस्तुत गरेका छन्।

बिहीबार दिउँसो अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बैठकमा अर्थमन्त्री पौडेलले राजस्व संकलनको तुलनात्मक विवरण प्रस्तुत गर्न लगाएका थिए। बैठकमा चालू आवको चार महिना (कात्तिक मसान्तसम्म)मा तीन खर्ब २३ अर्ब रुपैयाँ राजस्व संकलन भएको विवरण प्रस्तुत गरिएको थियो। गत आवको पहिलो चार महिनामा भने दुई खर्ब ७६ अर्ब राजस्व संकलन भएको थियो।

प्रत्येक वर्ष राजस्व संकलनमा वृद्धिदर हासिल हुने सामान्य प्रवृत्तिलाई लुकाउन खोजेर अर्थमन्त्री पौडेलले यो वर्ष १६.८५ प्रतिशत बढी राजस्व संकलन गर्न सफल भएको जानकारी गराएका थिए। तर, सरकारले संकलन गरेको राजस्व आफैंले निधारण गरेको लक्ष्यभन्दा कम हो।

आयात-निर्यात व्यापारमा सुधार हुन नसक्दा भन्सारतर्फको राजस्व असुली लक्ष्यअनुसार हुन सकिरहेको छैन। त्यस्तै, आन्तरिक अर्थतन्त्रसमेत अपेक्षाकृत चलायन नहुँदा आयकर, मूल्य अभिवृद्धि करलगायत असुलीमा सुधार देखिएको छैन।



सरकारले चालू आवमा १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ राजस्व संकलनको वार्षिक लक्ष्य राखेको छ। जुन गत आवको तुलनामा ३४ प्रतिशत बढी हो। हालसम्म संकलन भएको राजस्वको स्थितिले कुल लक्ष्य भेट्टाउन मुस्किल देखिएको छ।

बैठकमा अर्थमन्त्री पौडेलले स्रोत र खर्च व्यवस्थापन महत्त्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि नियन्त्रण, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायतका पक्षलाई ध्यान दिएर अघि बढ्नुपर्ने बताएका थिए।

उनले कर संकलनको प्रणाली भत्काउन खोज्नेलाई कानुनबमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिएका थिए।

त्यस्तै, अर्थसचिव डा. रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी अघि बढ्नुपर्ने बताएका थिए। राजस्व सचिव दिनेशकुमार घिमिरेले लक्ष्यलाई ध्यान दिएर थप मिहिनेत आवश्यक रहेको बताए।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व संकलन वृद्धि भए तापनि चालू आर्थिक वर्षको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबिच समन्वय तथा सहयोग जरुरी रहेको र त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको जानकारी गराएका थिए।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व संकलनका क्षेत्रमा देखापरेका अवसर र कमजोरीलाई सुधार गर्नुपर्ने धारणा राखेका थिए।

■ पाँच वर्षदेखि लक्ष्य भेट्टाउन मुस्किल

पछिल्ला पाँच वर्षयता लक्ष्यअनुसार राजस्व संकलन नभएको पनि मन्त्रालयले जनाएको छ। आर्थिक वर्ष ०७६/७७ मा ११ खर्ब १२ अर्ब तीन करोड रुपैयाँ लक्ष्य रहेकोमा ७१.३८ प्रतिशत प्रगति भएको थियो। त्यसैगरी, आर्थिक वर्ष ०७७/७८ मा १० खर्ब ११ अर्ब ७६ करोड रुपैयाँ लक्ष्य रहेकोमा ९२.५० प्रतिशत प्रगति हासिल भएको थियो। आर्थिक वर्ष ०७८/७९ मा ११ खर्ब ८० अर्ब ६० करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य रहेकोमा ९०.२४ प्रतिशत प्रगति हासिल भएको थियो।

आर्थिक वर्ष ०७९/८० मा १४ खर्ब तीन अर्ब १५ करोड राजस्व संकलनको लक्ष्य रहेकोमा ६८.२३ प्रतिशत र गत आवमा १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व संकलनको लक्ष्य रहेकोमा ७४.५४ प्रगति भएको थियो।

Bakaiya Rural Muncipality
Office of Rural Municipal Executive
Hattisunde, Makawanpur
Bagmati Province, Nepal

Invitation for Electronic Bids

(Date of publication: November 22, 2024 (2081 Mangshir 07)

Bakaiya Rural Muncipality, Hattisude, Makwanpur invites electronic bids from eligible bidders for below mentioned **Construction Works** under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

Contract ID No.	Name of Works	Estimated Amount NRs.(with VAT)	Bid Security NRs.	Bid Doc Cost NRs.
BRM/NCBW/*05*//081-082	CONSTRUCTION WORKS OF RVT FOR CHYAU CHYAU WATER SUPPLY PROJECT , BAKAIYA-9	*Rs. 25,91,592.05*	*65,000.00*	*3000.00*

Note: Site visit is strongly advised to bidder before submission of bid.

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

Chief Administrative Officer

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फल्पिडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०८/०७

यस गाउँपालिकाबाट मिति २०८१/०६/२३ मा तपशील बमोजिमको निर्माण कार्यका लागि नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव यही मिति २०८१/०८/१४ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

क्र.सं.	ठेक्का नं.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु
१.	BRM/W/NCB/ 081/082-01	Upgrading works of Daklang Listi Bhairavkunda Sadak, Bhotekoshi- 1, Sindhupalchok	1. B.S./AASHREYA/MAHAVIR JV, Sindhupalchok 2. Regmi/Sangam JV,Namobuddha- 5, Kavrepalanchok 3. RR-Kapil J/V.BMP- 1, Dolakha
२.	BRM/W/NCB/ 081/082-02	Construction Works of Ward no 1 office Building	1. Chaulagain/B.B JV, Baudha- 6, Kathamandu 2. Abij Nirman Sewa, Chautara Sinchupalchok

प्रमुख प्रशासकीय अधिकृत
भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक

संक्षेप

हवाईभाडा अनुगमन कार्यदल गठन

काठमाडौं/ अन्तर्राष्ट्रिय हवाई उडानमा देखिएको कृत्रिम अभावबारे अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कार्यदल गठन गरेको छ। मन्त्रालयका सहसचिव इन्दु घिमिरेको संयोजकत्वमा कार्यदल गठन भएको हो। कार्यदलमा गृह मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सदस्य रहेका छन्। मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानेका अनुसार यथाशीघ्र प्रतिवेदन बुझाउने गरी गठित कार्यदलले यात्रुले खरिद गरेको हवाई टिकट, एयरलाइन्सले बिक्री गरिरहेको टिकटको कालोबजारी अध्ययन तथा अनुगमन गरी सुझाव दिनेछ।

३१.३१ अंकले घट्यो नेप्से परिसूचक

काठमाडौं/ साताको अन्तिम कारोबार दिन बिहीबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३१.३१ अंकले घटेर दुई हजार ६ सय ८०.४४ विन्दुमा रोकिएको छ। बिहीबार ४३ कम्पनीको सेयर मूल्य एक सय ९७ वटाको घट्यो भने चार कम्पनीको स्थिर रह्यो। सो दिन तीन सय १४ कम्पनीको एक करोड ८४ लाख ७४ हजार २४ कित्ता सेयर किनबेच भएर आठ अर्ब २५ करोड ७६ लाखको कारोबार भएको छ।

३४१ मेगावाटको बुढीगण्डकीमा तीन महिनाभित्र लगानी जुट्दै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

तीन सय ४१ मेगावाटको बुढीगण्डकी अर्धजलाशययुक्त (पिआरओआर) परियोजनाको वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) तीन महिनाभित्र गर्ने तयारी गरिएको छ। स्वदेशी बैंकहरूसँग तीन महिनाभित्रै परियोजनाको ऋण लगानी सम्झौता गर्न लागिएको प्रवर्द्धक कम्पनी टाइम्स इनर्जीले जानकारी दिएको छ। टाइम्स इनर्जीमा साहस ऊर्जाको ५१ प्रतिशत सेयर स्वामित्व छ।

गोरखामा बन्ने यो परियोजनाको लागत अनुमान ७० अर्ब रहेको छ। त्यसको ७५ प्रतिशत अर्थात् ५२ अर्ब ५० करोड लगानी बैंकमार्फत जुटाइँदै छ। अबको तीन महिनामा ऋण सम्झौता गरिने साहस ऊर्जाका अध्यक्ष हिमप्रसाद पाठकले जानकारी दिए। बाँकी १७ अर्ब ५० करोड भने कम्पनीले स्वःपुँजीका रूपमा लगानी गर्नेछ। समग्रमा प्रतिमेगावाट २० करोड ५३ लाख रुपैयाँमा परियोजना बन्ने प्रवर्द्धक कम्पनीको भनाइ छ। 'नेपाली बैंकहरूबाट नै यतिका ठुलो ऋण लगानी जुटाउँदै छौं। बैंकहरूसँगको छलफल पनि निष्कर्षनजिक पुगेको छ,' अध्यक्ष पाठकले भने, 'तीन महिनाभित्र वित्तीय व्यवस्थापन सम्झौता हुन्छ।'

निर्माणमा जान लागेकोमध्ये यो निजी क्षेत्रको तेस्रो ठुलो जलविद्युत् परियोजना हो। चार सय ४० मेगावाटको तिला-१ र चार सय २० मेगावाटको तिला-२ जलविद्युत् परियोजना पनि विभागबाट लाइसेन्स पाएर निर्माणको तयारीमा छन्।

सञ्चालनतर्फ भने निजी क्षेत्रको सबैभन्दा ठुलो परियोजना ८६ मेगावाटको सोलुखोला दुधकोशी जलविद्युत् परियोजना हो, त्यो पनि साहस ऊर्जालेनै बनाएको हो। साहस ऊर्जाले माघ ०७९ बाट उक्त परियोजना सञ्चालन ल्याएको थियो।

यसअघि दुई सय ८५ मेगावाटको माथिल्लो तमोर अर्धजलाशययुक्त जलविद्युत् परियोजनामा पनि वित्तीय व्यवस्थापन सम्झौता भइसकेको छ। गत २४ जेठमा उक्त परियोजनाको वित्तीय व्यवस्थापन सम्झौता भएको छ। उक्त परियोजनामा एरभेष्ट बैंकसहित आठ बैंक संयुक्त रूपमा ३८ अर्ब ६० करोड रुपैयाँ ऋण लगानी गर्दै छ। वित्तीय सम्झौता भइसकेकोमा भने यो ठुलो परियोजना हो।

टाइम्स इनर्जीले परियोजना निर्माण तथा विद्युत् उत्पादनका लागि विद्युत् विकास विभागबाट पुस ०८० मै अनुमतिपत्र ल्याइसकेको छ। साथै, परियोजनाको विद्युत् बिक्री गर्न नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) पनि भइसकेको छ।

यसैगरी, परियोजना निर्माणस्थलमा पहुँचमार्ग निर्माण भइसकेको छ। त्यसबाहेक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन पनि वन तथा वातावरण मन्त्रालयबाट स्वीकृतिको अन्तिम चरणमा छ। त्यससँगै वित्तीय व्यवस्थापनको काम पनि अन्तिम चरणमा पुगेको कम्पनीको दाबी छ।

१५ पुस ०८७ सम्म परियोजन सञ्चालनमा ल्याउने कम्पनीको लक्ष्य छ। 'परियोजना निर्माणको तयारी अघि बढिसकेको छ। अब छिट्टै परियोजनास्थलमा क्याम्प बनाउनेलगायतका काम सुरु हुन्छ। वित्तीय व्यवस्थापन भएलगत्तै निर्माणको काम सुरु हुन्छ। सिभिल निर्माणलगायतका मुख्य काम भने भदौ ०८२ बाट सुरु गर्ने लक्ष्य छ,' साहस ऊर्जाका अध्यक्ष पाठकले भने, 'पाँच वर्षमा परियोजना सञ्चालनमा ल्याउने लक्ष्य छ। हामीले १५ पुस ०८७ सम्म परियोजना सञ्चालनमा ल्याइसक्नुपर्ने गरी लाइसेन्स पाएका छौं।' गत पुसमै साहस ऊर्जा टाइम्स इनर्जीको ५१ प्रतिशत सेयर किनेको थियो।

■ कस्तो बन्छ आयोजना ?

अर्धजलायश प्रकृतिको यो परियोजना काठमाडौंबाट एक सय ७० किलोमिटरको दूरीमा गोरखा जिल्लामा बन्नेछ। परियोजनाको बाँध क्षेत्र चुमनुब्री गाउँपालिकाको वडा नं ३ र विद्युत्गृह धार्चे गाउँपालिकाको वडा नं ३ मा हुनेछ। बाँध क्षेत्र र विद्युत्गृहबिचमा १० किमि सडक रहेको छ। पावरहाउस भने भूमिगत हुनेछ।

आयोजनामा तीन सय ९८ मिटर लामो हेड (पानी खस्ने उचाइ), ६.९ किलोमिटर लामो सुरुङ, ६०.४३ मेगावाट क्षमताका ६ टर्बाइन हुनेछन्। ड्याममा १७ लाख ६० हजार घनमिटर पानी भण्डारण हुनेछ। त्यसबाट दैनिक ६ घण्टासम्म पूर्ण क्षमतमा विद्युत् उत्पादन गर्न सकिनेछ। आयोजनाबाट वार्षिक औसत १८६७.७७ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ। कम्पनीका अनुसार मुख्य सुक्खायाममा ३२०.३० गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र वर्षायाममा १३०४.०४ गिगावाट विद्युत् उत्पादन छ। आयोजनाको डिजाइन डिस्चार्ज १००.२५ घन मिटर प्रतिसेकेन्ड छ।

■ परियोजनामा जोखिम कम

परियोजनामा भौतिक तथा आर्थिक जोखिम पनि कम देखिएको छ। परियोजनाको मुख्य भौतिक संरचना भूमिगत रहेको कारण भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपबाट हुन सक्ने जोखिम न्यून रहेको छ। पछिल्लो समय बाढीपहिरोले जलविद्युत् परियोजनाहरू नमज्जाले जोखिममा परेका छन्। त्यसले गर्दा परियोजनामा भएको लगानी जोखिममा परेका छन्। तर, यो परियोजनामा बाढीपहिरोको तथा भूकम्पको जोखिम भने न्यून भएको बताइएको छ।

■ लगानीका लागि कति आकर्षक ?

यो परियोजना लगानीका लागि पनि निकै आकर्षण रहेको देखिएको छ। तीन सय ४१ मेगावाटको यो परियोजना प्रतिमेगावाट २० करोड ५३ लाखमा बन्नेछ। वर्तमान समयमा यो लागत सस्तो भएको कम्पनीको भनाइ छ। नेपालमा परियोजना लागत प्रतिमेगावाट औसत २० करोडभन्दा बढी नै छ। अझै कतिपय परियोजनाको लागत प्रतिमेगावाट ३० करोड रुपैयाँभन्दा माथि पनि हुने गरेको छ, त्यो अवस्थामा यो लागत सस्तो भएको कम्पनीको दाबी छ।

प्राधिकरणसँग परियोजनाको विद्युत् खरिद सम्झौता ३० वर्षका लागि गरिएको छ। वर्षायामका लागि ४.८० रुपैयाँ, सामान्य सुक्खायामका लागि ८.४० रुपैयाँ र सुक्खायामका लागि १०.५५ रुपैयाँ प्रतियुनिटमा सम्झौता गरिएको छ। परियोजनाबाट वर्षायाममा १३०४.०४ गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र मुख्य सुक्खायाममा ३२०.३० गिगावाट विद्युत् उत्पादन हुनेछ। यसले पनि परियोजनामा प्रतिफलको सम्भावना उच्च देखाएको छ।

आयोजनाको लगानी प्रतिफल १६.९९ प्रतिशत हुने अनुमान गरिएको छ। सम्भाव्यता अध्ययनअनुसार आयोजना सञ्चालनमा आएको साढे पाँच वर्षमा साधारण लगानी फिर्ता गर्न सकिनेछ। अहिले परियोजनाको खुद मूल्यांकन २३ अर्ब २४ करोड रहेको छ। पहुँचमार्ग छोटो रहेको, सुरुङको लम्बाइ छोटो रहेको, डिसेन्ट हेड रहनुका साथै लोड सेन्टर नजिकै रहेका कारणले परियोजना आर्थिक एवं प्राविधिक रूपमा लगानीका लागि निकै आकर्षक रहेको बताइएको छ। यसका सामाजिक तथा वातावरणीय प्रभाव एकदमै न्यून छन्, जसलाई विशेष प्राथमिकतासाथ सम्बोधन गरिएको छ।

१११ मेगावाटको रसुवागढीको विद्युत् राष्ट्रिय प्रसारणमा जोडियो

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा निर्माण भएको एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिएको छ। रसुवाको गोसाइँकुण्ड गाउँपालिकामा निर्माण भएको आयोजनाका ३७-३७ मेगावाटका तीनवटा युनिटमध्ये एउटा युनिटबाट बुधबारदेखि परीक्षणका रूपमा विद्युत् उत्पादन सुरु गरिएको हो।

परीक्षणका रूपमा ४.२ मेगावाट विद्युत् उत्पादन सफल भएपछि अब क्रमशः उत्पादन बढाउँदै लगिनेछ। सबै युनिटबाट परीक्षण उत्पादन र तोकिएका मापदण्ड पूरा गरी एक महिनाभित्र व्यावसायिक विद्युत् उत्पादन गरिने आयोजनाको प्रवर्द्धक रसुवागढी हाइड्रोपावर कम्पनीका प्रबन्ध सञ्चालक छवि गैरेले बताए।

टिमुरे (तातोपानी)स्थित विद्युत्गृहबाट आयोजनाले नै निर्माण गरेको १० किलोमिटर एक सय ३२ केभी प्रसारणलाइनमार्फत उत्पादित विद्युत् रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित प्राधिकरणले बनाएको २२०/१३२/३३ केभी सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

उक्त विद्युत् चिलिमे-त्रिशूली र त्यहाँबाट त्रिशूली-काठमाडौं दुई सय २० केभी प्रसारणलाइन हुँदै राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ। चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइनलाई निर्माण सम्पन्न गरी गत कात्तिक २१ गतेबाट सञ्चालनमा ल्याइएको थियो।

रसुवागढीबाट उत्पादित विद्युत्बाट हिउँदयाममा काठमाडौं उपत्यकामा हुने विद्युत् माग व्यवस्थापन गर्न सहज हुनेछ। सुक्खायाम सुरुसँगै भोटेकोशी नदीमा पानीको बहाब घट्ने भएकाले रसुवागढी आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने छैन। हिउँदयाममा आयोजनाबाट करिब ३७ मेगावाट मात्र विद्युत् उत्पादन हुनेछ।

इन्जिनियरिङ, खरिद र निर्माण (इपिसी) मोडेलमा विद्युत्गृह, बाँध, सुरुङलगायतका सिभिल संरचना र इलेक्ट्रो मेकानिकल काम गर्न चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसनसँग ३० पुस ०७० मा ठेक्का सम्झौता भएको थियो। इलेक्ट्रोमेकानिकल कार्यका लागि भोइथ हाइड्रो प्रालि, भारतसँग १५ साउन ०७१ मा ठेक्का सम्झौता भएको थियो।

आयोजनाबाट वार्षिक रूपमा ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत् उत्पादन हुनेछ। उक्त विद्युत् बिक्रीबाट कम्पनीलाई वार्षिक तीन अर्ब २५ करोड रुपैयाँ आम्दानी हुनेछ।

चार महिनामा सेयर र घरजग्गा कारोबारबाट २० अर्ब ८७ करोड लाभकर

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो चार महिनामा सेयर र घरजग्गा कारोबारबाट सरकारलाई करिब २१ अर्ब राजस्व अर्थात् पुँजीगत लाभकर प्राप्त भएको छ। त्यस्ता कारोबारमा भएको नाफाबाट लगानीकर्ता र जग्गाधनीले चार महिनामा २० अर्ब ८७ करोड ३२ लाख ९३ हजार रुपैयाँ कर तिरेका हुन्।

सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी) र भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त छुट्टाछुट्टै तथ्यांकले यस्तो देखाएको हो। यो राजस्व गत आवको सोही अवधिको तुलनामा ६० प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा १३ अर्ब पाँच करोड १५ लाख रुपैयाँ यस्तो राजस्व संकलन भएको थियो। गत आवभरमा भने सेयर र घरजग्गा कारोबारबाट ४७ अर्ब ५२ करोड नौ लाख राजस्व उठेको थियो।

सेयरबाट आठ अर्ब १६ करोड राजस्व

सिडिएससीबाट प्राप्त तथ्यांकअनुसार चार महिनामा सेयर कारोबारबाट आठ अर्ब १६ करोड २६ लाख पुँजीगत लाभकर उठेको छ। गत आवको पहिलो चार महिनामा ८४ करोड ४६ लाख ९५ हजार रुपैयाँ यस्तो राजस्व उठेको थियो।

गत आवभरमा भने पाँच अर्ब ५० करोड ७७ लाख रुपैयाँ यस्तो पुँजीगत लाभकर उठेको थियो। चालू आवको चार महिनामा भने गत आवकै भन्दा धेरै कर संकलन भएको सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले बताए।

सेयर कारोबारमा हुने खुद नाफामा दीर्घकालीनतर्फ ५ प्रतिशत र अल्पकालीनतर्फ ७.५ प्रतिशत पुँजीगत लाभकर तिर्नुपर्छ। कुनै लगानीकर्ताले सेयर किनेर एक वर्षपछि बिक्री गर्दा हुने नाफामा ५ प्रतिशत कर तिर्नुपर्छ। यसैगरी, लगानीकर्ताले सेयर किनेको एक वर्षभित्र बिक्री गर्दा हुने नाफामा ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। सेयर कारोबार गर्दा घाटा भएमा कर तिर्नुपर्दैन। सिडिएससीले सेयर कारोबारबाट सरकारलाई जाने राजस्वको एकीकृत तथ्यांक राख्ने गर्छ।

घरजग्गाबाट पौने १३ अर्ब राजस्व

समीक्षा अवधिमा घरजग्गा कारोबारबाट पौने १३ अर्ब रुपैयाँ पुँजीगत लाभकर संकलन भएको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकअनुसार समीक्षा अवधिमा यस्तो कारोबारबाट १२ अर्ब ७१ करोड ६ लाख रुपैयाँ राजस्व प्राप्त भएको छ।

यो गत आवको सोही अवधिको तुलनामा ४ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा भने घरजग्गा कारोबारबाट १२ अर्ब २० करोड ६८ लाख रुपैयाँ यस्तो राजस्व उठेको थियो। गत आवभर भने ४२ अर्ब एक करोड ३२ लाख रुपैयाँ यस्तो राजस्व उठेको विभागको तथ्यांकमा उल्लेख छ।

चार महिनामा देशभर एक लाख ४० हजार ६ सय ७४ घरजग्गाको कारोबार भएका छन्। गत आवको सोही अवधिमा एक लाख ४० हजार आठ सय ७६ वटा यस्ता कारोबार भएका थिए। गत आवमा नेपालभर पाँच लाख ३७ हजार दुई सय ९५ वटा घरजग्गाको कारोबार भएका थिए।

ऊर्जा दक्षता प्रवर्द्धनका लागि अनुदान योजना सुरु

काठमाडौं/ नेपालमा उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताको प्रवर्द्धन निमित्त अनुदान योजना सुरु भएको छ। नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम 'नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तीकरण कार्यक्रम' (रिप ग्रिन)अन्तर्गत बिहीबारदेखि उक्त योजना सुरु भएको हो।

राष्ट्रिय वाणिज्य बैंक व्यवस्थापक रहेको यस अनुदान योजनाको प्रमुख उद्देश्य उद्योग तथा व्यवसायलाई ऊर्जा दक्षताका उपाय अवलम्बन गर्न प्रोत्साहन गर्नु रहेको बताइएको छ। साथै, उद्योग-व्यवसायमा ऊर्जा खपतमा कम गरी दिगो औद्योगिक विकासलाई बढावा दिँदै कार्बन उत्सर्जन घटाउने लक्ष्य रहेको बैंकले जनाएको छ।

यस पहलअन्तर्गत ऊर्जा परीक्षकबाट सिफारिस भएका ऊर्जा दक्षताका उपाय कार्यान्वयनमा प्रोत्साहन दिन बैंकमार्फत आंशिक अनुदान उपलब्ध गराइनेछ। अनुदान सञ्चालन निर्देशिकाअनुसार आंशिक अनुदान, ऊर्जा दक्षताका उपायमा कुल आवश्यक लगानीको एक निश्चित प्रतिशत हुनेछ।

अधिकृत वारेशनामा बदर गरिएको सूचना

मानध्वजको नाती, खड्ग बहादुरको छोरा, का.जि.का.म.न.पा वडा नं. ३२ बस्ने दुर्गा बहादुर भण्डारी (ना.प्र. नं.९८ मिति २०३४।०५।०१, काठमाडौं) का नाममा जग्गाधनी प्रमाणपत्र भएको साबिक बाहिरी गा.वि.स हाल किर्तिपुर न.पा.वडा नं. ६, मोठ पाना नं. १९ कि.नं. १४५ को ज. रो. १-३-१-० (६१२.०८ ब.मि) जग्गा राजिनामाको व्यहोराले जो कोहीलाई हक छाडी पारित गर्नको लागी साबिक जिल्ला सिन्धुपाल्चोक स्थित इचोक गा.वि.स वडा नं. ९ घर भई हाल का.जि. बुढानिलकण्ठ न.पा वडा नं. ८ बस्ने कालु तामाङको नाती विर बहादुर को छोरा श्याम बहादुर तामाङ (ना. प्र. नं. ५४५४७, मिति २०५४।०३।१०, सिन्धुपाल्चोक) लाई मिति २०७३ साल मार्ग १७ गते रोज ६ मा अधिकृत वारेश मुकरर गरी सोही मितिमा काठमाडौं जिल्ला अदालतबाट प्रमाणित समेत गरी दिएकोमा आजका मिति २०८१/०८/०७ बाट उक्त अधिकृत वारेशनामा बदर गरिएको हुँदा सोको प्रयोजनार्थ साबिक मुलुकी ऐन अ.बा. ७१ ग.नं. तथा मुलुकी देवानी का (र्यविधि संहिता २०७४ को दफा १५५ (ग) नं. बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

श्री काष्ठमण्डप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

नयाँ बानेश्वर-३१, काठमाडौं, फोन नं. : ०१-४५६५५१८

धितो लिलाम बिक्री गरिने सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०८/०७

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले लिनु भएको ऋण कर्जाको शर्त मुताबिक संस्थालाई तिर्न बाँकी साँवा, ब्याज, मासिक किस्ता तिर्ने सम्बन्धमा पटक पटक मौखिक तथा पत्रहरूद्वारा तर ताकेता गराउदा समेत तिर्न बुझाउन नल्याउनु भएको हुदाँ प्रथम पटक मिति २०८१/०४/१० को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित भएको र हाल सम्म पनि उक्त कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुनाले कर्जा लिदा धितो बापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चल अचल सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएकोले सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम धितो लिलाम बिक्रिका लागी पहिलो पटक यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको ३५ दिन भित्र ऋण चुक्ता गर्ने अधिल्लो दिन सम्मको सावाँ ब्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफनो सम्पत्ति फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरूलाई जानकारी गराईन्छ। अन्यथा यो सूचना प्रकाशित भएको ३६ औ दिनमा निम्न मिति, समय र स्थानमा निम्न शर्तहरूको अधिनमा रही लिलाम बढाबढको माध्यमबाट धितो बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरूलाई यसै सूचनाद्वारा आव्हान गरिन्छ। साथै धितो लिलाम बिक्रि गरिदा समेत सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल सम्पत्तिबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सुचित गरिन्छ।

तपसिल

ऋणीको नाम, थर, ठेगाना	धितो सुरक्षणको विवरण	जमानी कर्ताको विवरण
नामः **राम माया श्रेष्ठ**  (ना.प्र.नं.२५३००१-७४१) स्थायी ठेगाना : धादिङ्ग जिल्ला नीलकण्ठ, वडा नं १२ हालको ठेगानाः चन्द्रागिरी न.पा.-२, वांडभन्ज्याड वाबुः चन्द्र मान श्रेष्ठ बाजेः पहलमान श्रेष्ठ	राम माया श्रेष्ठको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता भै एकलौटी श्रेस्ता कायम रहेको साबिकको काठमाण्डौ जिल्ला, बांडभन्ज्याड गा.वि.स, वडा नं ५ हालको चन्द्रागिरी न.पा.-२ बाडभन्ज्याड स्थित कि.नं २९७ को क्षेत्रफल १-०-२-० को जग्गा र मालपोत कार्यालय धादिङमा दर्ता भै एकलौटी श्रेस्ता कायम रहेको साबिकको धादिङ्ग जिल्ला साङ्गोष गा.वि.स, वडा नं. २ हालको नीलकण्ठ न.पा. वडा नं १२ स्थित कि.नं १८३४ को क्षेत्रफल ०-७-०-० को जग्गा र उक्त जग्गाहरूमा रहेको सम्पूर्ण लिगलगापातहरू .....।	१. नामः **बाशु श्रेष्ठ** स्थायी ठेगाना : धादिङ्ग जिल्ला नौविसे, वडा नं ६ बाबुः कृष्णलाल श्रेष्ठ बाजेः तेज नारायण श्रेष्ठ 

बोलकबोल सम्बन्धि शर्तहरू :
लिलाम सम्बधित शर्तहरू बोल कबोलको फारम साथै उपलब्ध गराईने छ।
लिलामी हुने मिति : यो सूचना प्रकाशित भएको ३६ औ दिन (मिति २०८१/९/१२)
समय : दिनको २:०० बजे।
लिलाम हुने स्थान : संस्थाको कार्यालय, नयाँ बानेश्वर-३१ (ग्लोबल आईएमई बैंक सगै)।

Godawari Municipality

Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

Invitation for Bids (IFB)

Date of publication:- 2081/08/07 BS. (2024/11/22 AD.)

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

A. Single Stage: Single-Envelope Bidding Procedure

SN	Contract Identification No.	Name of Project	Estimate Amounts NRs (Without VAT)	Cost of Bidding Document NRs	Bid Security NRs	Date of Pre-bid Meeting	Last Date and Time of Bid Submission	Bid opening Date and Time	Remarks
1	Godawarimun /lalitpur/W/NCB /09/081/082	Thaiba Water supply Project Godawari Municipality- 14. (Construction of RCC Reservoir tank 500 Cum)	73,21,110.78/-	3,000/-	1,83,000/-	2081/08/27 BS (2024/12/12 AD) Time: 13:00 hrs.	2081/09/07 BS (2024/12/22 AD) Time: 12:00 hrs.	2081/09/07 BS (2024/12/22 AD) Time: 13:00 hrs.	

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

Chief Administrative Officer

Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

Infrastructure Development Office

Panchthar, Phidim
Koshi Province, Nepal

Invitation For E-Bids

Notice No. 02/081/82
(First Date of Publication: 22nd November 2024 (2081/08/07)

1. Infrastructure Development Office, Panchthar invites electronic bids only from registered Eligible fabricators for supply of fabricated steel parts for Trail Bridges.

Contract Identification No.:	Description of work	Estimated Amount (Incl. VAT, NRs.)	Bid Security (NRs.)	Bid Document Fee (NRs.)
IDOPAN/337010124/ SteelParts(TB)/02-081/82	Procurement & Supply of Fabricated Steel Parts for Twelve Trail Bridges in Panchthar and Taplejung District	1,70,80,954.71	4,50,000.00	3,000.00

2. Deadline for Bid Submission and Opening:

Submission of Bid		Opening of Bid		Revenue a/c No:	27002000001001000001	Office Code:	3370102011
Date	Time	Date	Time	Revenue Heading No:	14229	Nepal Bank Limited, Phidim	
22nd Dec 2024 (2081/09/07)	12:00 hours	**22nd Dec 2024 (2081/09/07)**	13:00 hours	Deposit a/c No:(Dharauti)	06702000002003000001	Pra.le.ikai.ka	
				Name of office	Infrastructure Development Office, Panchthar		
				Bank	Nepal Bank Limited, Phidim		

3. Bidder has to submit their bid electronically only. For further information, inspection & e-submission, visit PPMO's web site **www.bolpatra.gov.np/egp**
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
5. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (Latest addendum).

Office Chief

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साबिकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८१/०८/२१ गते/स्थान : शाखा कार्यालय चपुर, रौतहट
बोलपत्र खोलिने मिति/समय : २०८१/०८/२३ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : टाइगर ईट्टा उद्योग** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट दर्ता नं. ४८६७/२०, दर्ता मिति : २०७३/०४/१३, पान नं. ६०५१४१४१६, दर्ता मिति : २०७३/०६/०९ ठेगाना : रौतहट जिल्ला, चपुर न.पा. वडा नं. १३, **प्रोप्राइटर : अमिन मिया धुनिया** **ऋणी तथा जमानतकर्ताको विवरण** **नाम : अमिन मिया धुनिया** ना.प्र.नं. १४४३, जि.प्र.का. रौतहट, जारी मिति : २०५६/०२/३० बाबुको नाम : तहिद मिया धुनिया, बाजेको नाम : हुसेनि मिया ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९, हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ **जमानतकर्ताको विवरण** **१. नाम : तैवुन नेसा** ना.प्र.नं. ३२३०८४/४९०, जि.प्र.का. रौतहट जारी मिति : २०६४/०१/०९ पतिको नाम : अमिन मिया धुनिया ससुराको नाम : तहिद मिया धुनिया ठेगाना : रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९ हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ **२. नाम : अफजल मंसुर** ना.प्र.नं. ३२-०२-७५-०३२२१, जि.प्र.का. रौतहट जारी मिति : २०७५/०७/१९ बाबुको नाम : अमिन मिया धुनिया बाजेको नाम : तहिद मिया धुनिया ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ **धितोको विवरण** १. अमिन मिया धुनियाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, गौर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९ स्थित कित्ता नं. १३४४, १४५७ र १०५१ को क्षेत्रफल क्रमशः ०-७-०, ०-१-२.५ र ०-०-७ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. तैवुन नेसाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सखुवा धमौरा वडा नं. ९ स्थित कित्ता नं. १२३२ को क्षेत्रफल ०-४-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. धनी ज्योति विकास बैंक लि. भई ऋणी टाइगर ईट्टा उद्योगको नाममा यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता श्रेष्ता कायम रहेको ना ७ ख ८४९०, चेसिस नं. MEC2241CKHP049528, ईन्जिन नं. 400950D0049537 को 3123R8X2 CHS (Truck) रहेको सवारी साधन थान १।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-०५४०७५९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०८/०७

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सितलनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साबाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/११/०४ गते अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साबाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय शितलनगर, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा र सिटिजन्स फाष्ट ट्रयाक- आवधिक कर्जा

ऋणीको नाम र ठेगाना
नाम : विरेन्द्र कुमार यादव
बुवा : हिरा अहिर
बाजे : टुवर अहिर
स्थायी ठेगाना : छोटकीरामनगर गा.वि.स.-०६, रुपन्देही
हालको ठेगाना : ओमसतिया गा.पा-०६, रुपन्देही
ना.प्र.नं : ३७३००४/२८९
जारी मिति : २०६३/११/०२
जि.प्र.का : रुपन्देही

जमानीकर्ताको नाम र ठेगाना
नाम : बबलु कुर्मी
बुवा : विजय कुमार कुर्मी
बाजे : बडका बेछु कुर्मी
स्थायी ठेगाना : धकधई गा.वि.स-०६, रुपन्देही
हालको ठेगाना : रोहीणी गा.पा-०३, रुपन्देही
ना.प्र.नं : १/२१२२०
जारी मिति : २०६३/०१/१७
जि.प्र.का : रुपन्देही

माथि उल्लेखित सम्पूर्ण ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नामः विरेन्द्र कुमार यादव

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/सिट नं.	कि.नं.	क्षेत्रफल	कैफियत
१.	रुपन्देही	छिपागढ	६/६	१४००	०-१-३-० वि.क.धु)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
२.	रुपन्देही	छिपागढ	६/६	१४०६	०-५-१८.२५-० वि.क.धु)	
३.	रुपन्देही	छिपागढ	६/६	५८३	०-२-१६-० वि.क.धु)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगताथं अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साबिकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय शितलनगर, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०८/२३ गते, आइतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यलय शितलनगर, रुपन्देही।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

‘बी’ डिभिजन लिग १३ माघबाट गर्ने एन्फाको तयारी

एन्फाको बिहीबार बसेको बैठकमा १४ मध्ये चार क्लबले लिगको निर्णयमा सहमति जनाए

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सहिद स्मारक ‘बी’ डिभिजन लिग १३ माघबाट सुरु गर्ने तयारी गरेको छ। सातदोबाटोस्थित केन्द्रीय कार्यालयमा बिहीबार एन्फा र क्लबका पदाधिकारीबिचको बैठकले १३ माघबाट लिग गर्ने निर्णय गरेको हो। लिगमा सहभागी हुन क्लबले १३ मंसिरसम्म दर्ता गर्नुपर्नेछ। खेलाडी दर्ताको अन्तिम मिति २४ मंसिर रहेको छ। बैठकले लिगको खेल तालिका १३ पुसमा सार्वजनिक गर्ने जनाएको छ।

बैठकमा १४ मध्ये १० क्लबका पदाधिकारी उपस्थित भएनन्। १० क्लबका पदाधिकारीले बक्यौता रकम निर्दिंासम्म लिगमा सहभागी नहुने अडान राखेका छन्। श्री कुमारी, श्री भगवती, बाँसबारी र प्लानिङ ब्वाइजका पदाधिकारी मात्रै सहभागी भएका थिए। एन्फाबाट अध्यक्ष पंकजविक्रम नेम्वाङ, उपाध्यक्ष दावा लामा, सदस्यहरू मणिराज विष्ट, मनीष जोशी, टीका लामा तथा महासचिव किरण राई, सिइओ इन्द्रमान तुलाधार, प्रवक्ता सुरेश शाह तथा सहमहासचिव बद्री भट्टराई र विजय घलेको उपस्थिति थियो।

एन्फा महासचिव किरण राईले सात दिनअघि नै बैठक बस्ने सूचना ‘बी’ डिभिजन क्लबहरूलाई पठाएका थिए। प्लानिङ ब्वाइजका अध्यक्ष दावा लामा, एन्फा उपाध्यक्ष तथा श्री भगवतीबाट एन्फा सदस्य मनीष जोशी सहभागी भए। श्री कुमारीबाट नकुल हमाल र बाँसबारीबाट उपस्थित भएका रमेश कार्की गत साता मात्रै नेपाली राष्ट्रिय फुटबल टोलीसँग ताजकिस्तान पुगेका थिए। उनीहरू बैठकमा उपस्थत हुने सर्तसहित ताजकिस्तान पुगेको आरोप अन्य क्लबहरूको छ।

१० क्लबका माग बक्यौता फर्स्योट

असन्तुष्ट १० क्लबका पदाधिकारीले बक्यौता फर्स्योट भए मात्र एन्फाले बोलाएको बैठकमा सहभागी हुने जनाएका छन्। ‘बैठकमा बोलाइएको थियो, तर एन्फाले हाम्रो माग अहिलेसम्म पूरा गरेका छैन, त्यसकारण बैठकमा गएनौं,’ बी डिभिजन लिग संयोजक कुमार राजभण्डारी भने, ‘एन्फाले तीन क्लबका पदाधिकारीलाई बैठकमा राखेर अवैधानिक निर्णय गरेको छ, यो कस्तो खालको निर्णय हो ?’ यसअघि प्रतियोगिता ०७९ चैतमा गर्ने एन्फाको तयारी थियो। त्यसवेला क्लबहरूले बक्यौता र तयारी खर्च नपाएको जनाउँदै लिग खेल्न आनाकानी गरेका थिए।

दुई वर्षदेखि पटक-पटक ‘बी’ डिभिजन लिगको मिति तय गरे पनि प्रतियोगिता आयोजना हुन सकेको छैन। एन्फाले मध्यपुर युथ एसोसिएसनलाई कारबाही गरेपछि बैठक सौहार्दपूर्ण हुन सकेको छैन। ‘पाँच क्लबको बक्यौता ६ लाख ५० हजार सुरुमा दिएपछि लिग खेल्ने भनेका छौं, तर एन्फा तयार छैन,’ राजभण्डारीले भने, ‘एन्फाले बक्यौता दिएपछि मात्र लिग खेल्न तयार छौं।’ एन्फाले ०७९ र ०८० मा सहिद स्मारक ‘ए’ डिभिजन लिग सम्पन्न गरेको थियो। तर, सो लिगमा रेलिगेसनको विवाद चल्यो। एन्फाले विवादको सम्बन्धमा कुनै निर्णय सुनाएको छैन। यसैबिच एन्फाले ‘सी’ डिभिजन लिग आयोजना गरेको छ। तर, क्लबहरूको विवादका कारण ‘बी’ डिभिजन लिग नहुँदा ‘साइकल’ पूरा भएको छैन।

एन्फा मुख्यालयमा तीन घण्टा तालाबन्दी



सिस्नेरी एन्फा एकेडेमी घटनामा ६ बालक गुमाएका पीडित परिवारले बिहीबार एन्फाको मुख्यालयमा तीन घण्टा तालाबन्दी गरेका छन्। पीडित परिवार मुख्यालय गेटअगाडि धर्नासमेत बसे। नेपाल प्रहरीले उनीहरूलाई हटाएको थियो। एन्फा मुख्यालयमा अहिले ललित स्मृति यू-१८ लिग चलिरहेको छ। पीडितले तालाबन्दी गरेपछि खेल हेर्न जाने र खेल्न जाने खेलाडी नै केही घण्टा बाहिर बस्नुपरेको थियो। यद्यपि, ‘बी’ डिभिजनको बैठक बस्ने तयारी भइरहेका कारण एन्फा पदाधिकारी भित्र प्रवेश गर्न सकेनन्।

१२ असोजमा आएको पहिरोमा मकवानपुरस्थित सिस्नेरीमा सञ्चालित एन्फा एकेडेमीका ३० मध्ये ६ विद्यार्थीको निधन भएको थियो। पहिरोमा प्रियान्स आचार्य, अनुपम घलान, विकल रेग्मी, साइमन योञ्जन, आदित्य बलम्पाखी र विवश बानियाँले ज्यान गुमाएका थिए। पीडित ६ परिवारले एक सातादेखि न्यायका लागि विभिन्न कार्यक्रम गरिरहेका छन्। एन्फाले ५५ दिनसम्म कुनै ठोस योजना नल्याएको भन्दै मुख्यालयमै तालाबन्दी गरेको उनीहरूले बताए। ‘हामी न्यायका लागि काठमाडौं आएका थियौं, तर एन्फाले कुनै चासो नै देखाएन, उल्टै प्रहरी परिचालन गरी हटायो,’ प्रियान्स आचार्यकी आमाले भनिन्।

एन्फाले घटनाको सत्यतथ्य छानबिन गर्न समिति नै गठन गरेको छ। सो समितिले प्रभावकारी रूपमा छानबिन नगरेको उनीहरूले दाबी गरेका छन्। उनीहरूले शुक्रबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा पनि धर्ना बस्ने जनाए।

■ नेपाल प्रिमियर लिग

कीर्तिमानी अलराउन्डर जफर लुम्बिनीबाट खेल्ने

नयाँ पत्रिका

क्यानडियन क्रिकेट अलराउन्डर साद बिन जफरले नेपाल प्रिमियर लिग (एनपिएल)मा लुम्बिनी लायन्सबाट प्रतिस्पर्धा गर्ने भएका छन्। लुम्बिनीले टी-२० फर्म्याटकै उत्कृष्ट अलराउन्डर जफरलाई बिहीबार अनुबन्ध गरेको हो। दुई महिनाअघि अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गरको आइसिसी टी-२० विश्वकपमा जफरले क्यानडाको कप्तानी गरेका थिए।



टी-२० खेलमा इतिहास बनाएका जफरले आफ्नो अन्तर्राष्ट्रिय अनुभव र नेतृत्व क्षमतासहित लुम्बिनीलाई थप मजबुत बनाउने विश्वास लुम्बिनीले लिएको छ। पाकिस्तानमा जन्मिएका क्यानडियन क्रिकेटर जफरले सन् २००८ मा क्यानडाको फस्टक्लास क्रिकेटमा डेब्यु गरेका थिए। उनले राष्ट्रिय टोलीका लागि सबै फर्म्याटमा निरन्तर प्रतिनिधित्व गरेका छन्। बायाँहाते स्लो स्पिन र बायाँहाते ब्याटिङले मैदानमा बलियो उपस्थिति दिलाउँदै आएका जफरले क्यारेबियन प्रिमियर लिग (सिपिएल)मा सेन्ट लुसिया जोक्सका तर्फबाट खेल्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रस्तुत गरेका छन्।

चारै ओभर मेडन

जफरले टी-२० आईमा पानामाविरुद्ध चार ओभरको बलिङ स्पेलमा १ रन पनि नदिई कीर्तिमान बनाएका छन्। यस्तो कीर्तिमान राख्ने उनी पहिलो विश्वकै बलर हुन्। सन् २०२१ नोभेम्बरमा पानामाविरुद्धको खेलमा उनले चार ओभरमा रन नदिई दुई विकेट लिएर कीर्तिमानी प्रदर्शन गरेका थिए। यो रेकर्ड तोडिएको छैन। लुम्बिनीमा आबद्ध भएपछि जफरले आफ्नो उत्साह देखाए। ‘नेपाल प्रिमियर लिगका लागि लुम्बिनीसँग आबद्ध हुन पाउँदा अत्यन्तै उत्साहित छु। मैले अहिलेसम्म प्राप्त गरेको अनुभवले लुम्बिनी तथा समग्र नेपाली क्रिकेटमा महत्त्वपूर्ण योगदान पुऱ्याउन चाहन्छु,’ उनले भने। एनपिएल १५ मंसिरबाट सुरु हुँदै छ। लुम्बिनीको पहिलो खेल १९ मंसिरमा विराटनगर किङ्ससँग हुनेछ।

विराटनगरले ट्यालेन्ट हन्टबाट छान्यो तीन खेलाडी

एनपिएलको फ्रेन्चाइज टोली विराटनगर किंग्सले ट्यालेन्ट हन्टबाट तीन जना उदीयमान खेलाडी छनोट गरेको छ। कोशी प्रदेशका पाँच जिल्लामा भएको छनोट प्रतियोगिताबाट छानिएका तीन उत्कृष्ट खेलाडीको नाम टोलीले बिहीबार सार्वजनिक गरेको छ। किंग्सले ट्यालेन्ट हन्टबाट फिर्दोष अन्सारी, कमल खत्री र सुजन थपलियालाई छानेको हो। अब अन्तिम चरणको छनोटबाट यी तीनमध्ये एकजनाले एनपिएलमा विराटनगरबाट प्रतिनिधित्व गर्न पाउनेछन्।

विराटनगरले कोशी प्रदेशका इलाम, झापा, सुनसरी, उदयपुर र मोरङमा ट्यालेन्ट हन्ट गरेको थियो। विराटनगरको मुख्य प्रशिक्षकमा आयरल्यान्डका पूर्वक्रिकेटर केभिन ओब्राइन छन्। विराटनगरको मार्की खेलाडीमा राष्ट्रिय क्रिकेट टोलीका नियमित सदस्य सन्दीप लामिछाने छन्।

नेपालकी सिभाली च्याम्पियन



काठमाडौं/ नेपालकी सिभाली गुरुङ जुनियर यू-१४ एसियाली टेनिस प्रतियोगिताअन्तर्गत सर्किट १ को महिला एकलमा च्याम्पियन भएकी छिन्।

बिहीबार भएको फाइनलमा सिभालीले बंगलादेशी हुमीराह हैदरलाई ६-२ र ६-० को सोझो सेटमा पराजित गरिन्। सिभालीको यो दोस्रो स्वर्ण हो। यसअघि सिभाली र माल्दिभ्सकी अइसथ करिन सइजनको जोडी गर्ल्स डबल्समा पहिलो भएको थियो। प्रतियोगिताको पुरुष डबल्समा भारतका अभी अग्रवाल र तनिस नन्दाको जोडी पहिलो बन्यो।

अग्रवालको जोडीले फाइनलमा भारतका हर्ष मर्वाहा र बंगलादेशका मोहम्मद रकिन रहमानको जोडीलाई ७-६ र ६-३ को सोझो सेटमा हरायो। पुरुष एकलमा पनि तनिस फाइनलमा पुगेका छन्। सेमिफाइनलमा उनले नेपालका वृजेश अर्याललाई ३-६, ६-१ र ६-२ ले पन्छ्याउँदै भारतकै अभी अग्रवालसँगको फाइनल भेट पक्का गरे। अर्को सेमिफाइनलमा अभीले न्युजिल्यान्डका ज्याक्स रूपमाथि ६-० र ६-३ को जित दर्ता गरेका थिए।

एनओसी अध्यक्षमा निलेन्द्रराजको उम्मेदवारी घोषणा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका



जीवनराम श्रेष्ठलाई साथ दिँदै आएका महासचिव निलेन्द्रराज श्रेष्ठको आगामी डिसेम्बरमा हुने एनओसी निर्वाचनमा अध्यक्षमा उठ्ने घोषणा

नेपाल ओलम्पिक कमिटी (एनओसी)का महासचिव निलेन्द्रराज श्रेष्ठले आगामी डिसेम्बरमा हुने निर्वाचनमा अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन्। नेपाल ट्रायथलन संघका अध्यक्षसमेत रहेका श्रेष्ठले बिहीबार आफू अध्यक्षमा उठ्ने जानकारी दिएका हुन्। ‘एनओसीको आगामी कार्यकालका लागि अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गर्न पाउँदा अत्यन्तै गर्वित महसुस गरिरहेको छु,’ एनओसी महासचिव श्रेष्ठले भने, ‘मेरो घोषणा भनेको ओलम्पिकलाई विधिअनुसार चलाउने हो।’

महासचिव श्रेष्ठले खेल र खेलाडीको अभिवृद्धिका लागि प्रयासरत रहने बताए। ‘मेरो अनुभव र शिक्षालाई अझ प्रभावकारी रूपमा उपयोग गर्दै आगामी दिनमा संस्थानलाई थप सक्षम र पारदर्शी बनाउने योजना छ,’ श्रेष्ठले भने। एनओसी अध्यक्ष जीवनराज श्रेष्ठले नियमविपरीत तेस्रोपटक अध्यक्षमा उम्मेदवारी दिन विधान सच्याउन गत कात्तिकमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)मा पत्र पठाएका थिए। अध्यक्षमा दाबेदारी दिएका श्रेष्ठले विधानअनुसार सबै चल्नुपर्ने बताएका छन्। ‘संघ तथा संस्था चल्ने भनेको विधानअनुसार हो, यसविपरीत जान सकिँदैन,’ उनले भने, ‘एक व्यक्तिका लागि विधान नै सच्याउनु कति न्यायसंगत छ ?’

०७६ को संशोधित विधानमा अध्यक्ष र महासचिवलगायत सबै सदस्यले लगातार दुई कार्यकाल पूरा गरेपछि उम्मेदवारी दिन नपाउने उल्लेख छ। यही विधानअनुसार लगातार तीनपटक अध्यक्ष, महासचिवसँगै सदस्यले उम्मेदवारी दिन पाइँदैन। लगातार दोस्रोपटकपछि स्वतः तेस्रो कार्यकालको निर्वाचनमा सहभागी हुन नपाउने एनओसीको विधानमा उल्लेख छ। तर, अध्यक्ष श्रेष्ठ भने आइओसीका अनुसार जतिपटक पनि उम्मेदवारी दिन पाउन दाबी गर्दै एनओसीको विधान सच्याउनतिर लागेका छन्। ‘अरू राष्ट्रमा हेर्ऱ्यौं भने चार-पाँचपटक पनि अध्यक्ष बनेका छन्, यहाँ मात्र किन दाबेदारी दिन नपाउने ?’ अध्यक्ष श्रेष्ठले नयाँ पत्रिकासँग भनेका थिए, ‘यो मेरो लागि भन्ने होइन, निर्वाचनमा जसले पनि दाबेदारी दिन पाउँछ, हार र जित हुन्छ नै।’

पेरिस ओलम्पिकका लागि एक वर्ष थप

एनओसी कार्यसमितिको कार्यकाल एक वर्षअघि नै समाप्त भएको थियो। पेरिस ओलम्पिकको कारण देखाउँदै कार्यसमितिको कार्यकाल एक वर्ष थपिएको हो। कोरोनाको कारण देखाउँदै त्यसवेला नै हुनुपर्ने निर्वाचन स्थगित गरिएको थियो। यसैगरी, खेलकुद विकास ऐन, २०७७ मा पनि संघ तथा संस्थामा लगातार दुई कार्यकालपछि उम्मेदवार बन्न नपाउने भनिएको छ। खेलकुद विकास ऐन र एनओसीकै विधानमा लगातार दुई कार्यकालपछि निर्वाचनमा सहभागी हुन नपाउने उल्लेख हुँदाहुँदै अध्यक्ष श्रेष्ठले विधान संशोधन गर्न लागेको एनओसीका केही सदस्यहरूले आरोप लगाएका छन्।

दशौं राष्ट्रिय खेलकुद निर्धारित समयमै नहुनु दुर्भाग्य : पूर्वखेलमन्त्री

काठमाडौं/ कर्णालीको सुर्खेतमा निर्धारित समयमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता नभएपछि पूर्वयुवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले चासो देखाएका छन्। राष्ट्रिय खेलकुद परिषद्ले २ देखि ९ मंसिरमा दशौं राष्ट्रिय खेल हुने घोषणा गरेको थियो। तर, अहिलेसम्म मन्त्रालय तथा राखेपले आधिकारिक रूपमा प्रतियोगिता नहुने जानकारी गराएका छैनन्।

‘दशौं राष्ट्रिय खेलकुद घोषित समयमा नहुनु खेलकुद इतिहासकै गम्भीर दुर्भाग्य हो,’ राष्ट्रिय स्वतन्त्र पार्टीका सदस्यसमेत रहेका श्रेष्ठले भने, ‘प्रतियोगिताका लागि सरकारले ६० करोड बजेट विनियोजन गरेको थियो। कर्णाली प्रदेशले आफ्नो क्षेत्रमा ठूलो लगानी गरी भौतिक संरचना निर्माण गरेको थियो।’ सबै तयारी हुँदाहुँदै मन्त्रालय र राखेपले विभिन्न बहानामा प्रतियोगिता आयोजना गर्न नसक्नु खेलाडीको भविष्य अन्योलमा परेको श्रेष्ठले बताए। उनका अनुसार केन्द्रीय राजनीतिका कारण प्रतियोगिता हुन सकेको हो।

दशौं राष्ट्रिय खेलकुदको नयाँ मिति घोषणा गर्न राखेपको बैठक बस्नुपर्छ। तर, राखेपको बोर्डका अध्यक्षसमेत रहेका खेलकुदमन्त्री तेजुलाल चौधरीले बैठक राखेका छैनन्। राखेपका सदस्यसचिव टंकलाल घिसिङले तीनपटक बैठक राख्न मन्त्रालयमा पत्राचार गरेका छन्। चार महिना खेलकुद मन्त्रालय सम्हालेका श्रेष्ठले प्रतियोगिता नहुँदा यसको घाटा खेलाडीलाई परेको बताए।

विगो: ८४/३६७

श्री ललितपुर जिल्ला अदालतबाट प्रतिवादीहरूका नाउँमा जारी भएको १५ दिने म्याद ...।

उप्रान्त केशरीलाल लामिछानेको नाति जीवनाथ लामिछानेको छोरा मकवानपुर जिल्ला साविक चित्लाङ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २५ नयाँबजार भैसेपाटी बस्ने जयराम लामिछाने र प्रतिवादी तपाई समेत भएको लेनदेन मुद्दामा यस अदालतको मिति २०७९/०५/१३ गतेको फैसला बमोजिम रकम रु. ५,००,०००/- (पाँच लाख रुपैयाँ) तथा सोको भरिभराउँ मिति सम्मको कानून बमोजिमको ब्याज तथा अदालती शुल्क समेत भराई पाउँ भनी वादीको मिति २०८०/०८/१७ मा यस अदालतको विगोमा दरखास्त पर्न आएको हुँदा वादीको विगो भराउँने प्रयोजनार्थ मिति २०८१/०५/१९ गतेको आदेशानुसार तपाईहरुको नाउँमा यो १५ (पन्ध्र) दिने म्याद जारी गरि पत्रिकामा प्रकाशित गरिएको छ। तपाईले यो म्याद सूचना प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र यस अदालतको तहसिल शाखामा हाजिर हुन आउनुहोला। हाजिर हुन नआई म्याद गुजारी बसेमा यस अदालतबाट वादीको निवेदन माग बमोजिम फैसला कार्यान्वयन भई जानेछ। पछि यसै विषयमा तपाईको कुनै उजुर बाजुर लाग्ने छैन।

तपसिल

कुमार सिंह सिलवालकी श्रीमती ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. २ बस्ने अ. वर्ष ४७ की इन्दिरा सिलवाल १
कुमार सिंह सिलवालकी छोरी ऐ.ऐ. बस्ने अ. वर्ष २५ की ईनु सिलवाल १
कुमार सिंह सिलवालकी छोरी ऐ.ऐ. बस्ने वर्ष २३ की ईमिरा सिंह सिलवाल १
कुमार सिंह सिलवालकी छोरी ऐ.ऐ. बस्ने वर्ष १९ की ईरा सिलवाल १

ईति संवत २०८१ मंसिर महिना ०७ गते रोज ६ शुभम ..... ।

खेल संक्षेप

आयोजक रेडियन्ट प्रिक्वार्टरफाइनलमा

काठमाडौं/ आयोजक रेडियन्ट पब्लिक दशौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको छ। समूह ‘एच’ को विजेता रेडियन्टले बिहीबार भएको खेलमा द एक्सेल पब्लिकलाई ४०-२० ले हराएको हो। सिनियर पुरुषमा ज्ञानोदयले ओरेकल रेलाई ४०-२३ ले हरायो। रेडियन्ट रिडर्स एकेडेमीले होली भिजनलाई अतिरिक्त समयमा ४६-४४ ले पाखा लगायो। स्वर्णिमले क्षेत्रमाथि ३६-३२ को जित निकाल्यो। जुनियर पुरुषमा श्री नवीन ज्योतिले रेडियन्ट रिडर्सलाई ३०-२ ले पराजित गरेको छ। ग्रिनफिल्डले बौद्ध चिल्ड्रेन हेभेनले ११-१० र सेबले हार्टल्यान्डलाई २६-४ ले पाखा लगाए। सिनियर महिलामा ज्ञानोदयले नवीन ज्योतिलाई १४-२ तथा स्वर्णिमले मर्स्याङ्दीलाई २३-८ ले पन्छाए।

तीन खेलाडीलाई जनही एक लाख

कास्की/ आइसिसी यू-१९ महिला विश्वकपका लागि छनोट भएका नेपाली राष्ट्रिय टोलीका तीन सदस्यलाई जनही एक-एक लाखसहित सम्मान गरिएको छ। गत साता एसियन छनोटमा नेपालले युएईलाई आठ विकेटले हराउँदै अर्को वर्ष मलेसियामा हुने आइसिसी यू-१९ विश्वकपमा स्थान पक्का गरेको थियो। मलेसियामा विश्वकप अर्को वर्ष १८ जनवरीदेखि २ फेब्रुअरीसम्म हुनेछ। नेपाललाई विश्वकपसम्म पुऱ्याएका खेलाडीमध्ये स्याङ्जाबाट ज्योत्स्निका मरासिनी, सिमाना केसी र कुशुम गोदारले प्रतिस्पर्धा गरेका थिए। उनीहरूलाई भिरकोट नगरपालिका- ७ स्याङ्जास्थित खुमा अर्याल फाउन्डेसनले नगदसहित सम्मान गरेको हो।

भ्याली पब्लिक बास्केटबल आजदेखि

काठमाडौं/ भ्याली पब्लिक स्कुलको आयोजनामा हुने १८औं भ्याली पब्लिक बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा ८४ टिमको सहभागिता रहने भ्याली पब्लिकका संस्थापक प्राचार्य कृष्णप्रसाद अधिकारीले बताए। सिनियर पुरुष र जुनियरमा समान ३२ टोली रहनेछन्। सिनियर महिलामा २० टोलीले भाग लिनेछन्। तीनै समूहमा शीर्ष दुई स्थानमा रहने टोलीले २० हजार र १० हजार रुपैयाँ पाउनेछन्।

Government of Nepal
Ministry of Women Development
Child Correction Home
Hetauda-11, Makwanpur

Invitation for Sealed Bid

Date of publication: 2081-08-07

1. Child Correction Home, Hetauda 11, Makwanpur invites sealed bids (Hard copy) from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

S N	Name of Project	Estimate amount(with VAT and PS)	Bid Purchase Date	Bid Submission Date	Bid Opening Date
1	Construction of Compound wall CCH/WORKS/ 01/81/82	24,49,715.12	Till 2081/09/07 (5:00 P.M)	Till 2081/09/08 (12:00 P.M)	2081/09/08 (2:00 P.M)

2. A complete set of Bidding Documents may be purchased from the office of Child Correction Home, Hetauda-11,Makwanpur, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 till above date and time in following account:
   Account Name: Child Correction Home, Hetauda
   Account Number: **00101000000001001001 (Rajaswa Khata for Bid Document Fee)**
   : **02501000002003000001 (Dharauti Khata for Bid security of Nrs 70,000**
   Office Code: 340003201
   Name of Bank: Nepal Bank Limited
3. Sealed bids must be submitted to the office of Child Correction Home, Hetauda 11,Makwanpur, Nepal by hand/courier (Hard Copy) on or before 23-12-2024 (2081-09-08) 12:00 PM. Bids received after this deadline will be rejected.
4. For other required information contact 9852660442, 9845536092

Invitation for Bids

Government of Nepal (GoN)
Nepal Agricultural Research Council
National Soil Science Research Centre (NSSRC)
Khumaltar, Lalitpur
Date of publication: 2081-08-07

1. The **National Soil Science Research Centre (NSSRC), Khumaltar, Lalitpur** invites Bids from eligible bidders for the **Supply, Delivery, and Installation of Acid Digestor with Scrubber System through NCB,** under procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain detailed information at PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit NRs. 3,000 to purchase bidding document, in **Nepal Bank Limited, Gabahal, Lalitpur**; **Account No.: 01800100220241000001.**
4. The bids must be submitted to the office **NSSRC, Khumaltar, Lalitpur** through www.bolpatra.gov.np/egp on or before **12pm (2081-09-07).**
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2pm (2081-09-07)** in the office of **NSSRC, Khumaltar, Lalitpur**.
6. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security amounting to a minimum of N**Rs. 57,500** which shall be valid for 30 days beyond the validity period of the bid (i.e., 120 Days).
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in N**epal Bank Limited, Gabahal, Lalitpur**; **Account No.: 01801000002003000001;** Name of Office: **Kosh tatha Lekha Niyantrak Karyalaya, Lalitpur**; Office Code No.: **312-413-432** and submit the receipt of the deposited amount of cash along with the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The **NSSRC, Khumaltar, Lalitpur** reserves the rights to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com